१. **हल्लेलूयाह स्तुति महिमा सर्वदा येशू प्रभुलाई दिन्छौं (२)**

**हा . . . . . हल्लेलूयाह (३) हा . . . . हल्लेलूयाह (३)**

१. क्रूसको बलिदानमा रगत बहानुभयो
पापलाई हटाई शुद्ध गराई हामीलाई बचाउनुभयो
२. उहाँको पुनरुत्थानमा अनन्त विजय लिई आउनुभयो (२)
आज तिमी-हामीलाई नयाँ जीवन दिनलाई येशूजी आउनुभो (२)

२. जिउँदो छन् येशू जिउँदो छन्
मेरो मनमा येशू जिउँदो छन्
संकटमा मेरो सहारा हुन्
येशू सधैं जिउँदो छन् ।

३. येशू सर्वोत्तम नाउँ छ
शान्तिदाता प्रतापी प्रभु
इम्मानुएल ईश्वर हामीसँग
धन्य उद्धारक जिउँदो वचन ।

४. हामी सबै मिली २ गाऔं
भजौं पूजौं ख्रीष्ट येशूलाई (२)
हामी सबै जना मिली गाऔं ............(२)

५. येशू नाउँको जय होस् (२)
मेरो चटान मेरो किल्ला
मलाई छुडाउने मेरो भरोसा
येशू नाउँको जयजयकार होस्

६. नाउँ उनको उच्च छ अरु नाउँ भन्दा
नाउँ उनको येशू, येशू प्रभु
नाउँ उनको उदेकको नाउँ उनको सल्लाहकार
शान्तिको राजकुमार महान् ईश्वर

७. ईश्वरले संसारलाई यस्तो प्रेम गरे (२)
उनले आफ्नो एकमात्र पुत्रलाई दिए (२)
जो जसले उनमाथि विश्वस गर्छन् (२)
नाश हुँदैनन् तर अनन्त जीवन पाउँछन् (२)

८. जीवनको रोटी खाँदैछु र मूलको पानी पिउँदैछु
र येशू भन्छन् जसले पिउँछ
उसलाई कहिल्यै तिर्खा लाग्दैन ।
क्या रे तिर्खा लाग्दैन ?
कहिल्यै तिर्खा लाग्दैन (२) र येशू . . .

९. मुक्तिलाई मुक्तिलाई ग्रहण गर अहिल्यै
जो छ येशूको अमोल रक्तमा
येशूदेखि यो दान छ तिम्रो लागि नै
ग्रहण गर मुक्ति विना डर

१०. येशू पार्दछन् पूरो स्वतन्त्र
कलवरीमा मरे दिन छुटकारा
येशू पार्दछन् पूरै स्वतन्त्र उनको नाउँको जय ।
यसै कारण **म गाउँछु** (२) मेरो पाप क्षमा भयो,
स्वर्ग मेरो घर भयो यसै कारण म (३) गाउँछु
**म खुशी छ,** . . . . . . . **म नाच्छु**

११. हो ३ प्रभु कति प्रेमी छन् (३)
म कहिल्यै उनको प्रेमलाई भुल्न सक्दिनँ
ईश्वरले संसारलाई प्रेम गर्नुभो (३)
तुच्छ म पापीलाई प्रेम गर्नुभो (३)
पवित्र आत्माले भरिदिनु भो (३)

१२. मेरो बत्तीमा तेल दिनुस् प्रभु
मेरो बत्तीमा तेल अहिले
मेरो बत्तीमा तेल दिनुस् प्रभु
तपाईं आउन्जेल सम्म
देऊ ज्योति गाऊ होसन्ना (३)
राजा येशूको (२)

१३. उनको झण्डा मेरो लागि प्रेम (२)
उनले मलाई भोजको घरमा लिई आए,
उनको झण्डा मेरो लागि प्रेम । उनको प्रेम (२)

१४. सुन, चाँदी मसित छैन तर जे छ म तँलाई दिन्छु
नासरतको येशू ख्रीष्टको नाउँमा हिंडडुल गर्
हिंड्दै, उफ्रदै, स्तुति गर्दै (२)

१५. आऊ पूजौं राजपुजारी
आऊ भजौं पवित्र जाति
भज येशू मुक्तिदाता
उनी प्रिय महिमाको राजा हल्लेलूयाह . . . .

१६. प्रेम गरी आए मरी बचाए,
गाडिंदा पाप मेरो हटाई दिए ।
ब्यूँती उनले मलाई निर्दोष ठहराए ।
आउनेछन् येशू यो खुशीको दिन ।

१७. जीउँदो जीउँदो छन् येशू ख्रीष्ट जीउँदो
होस् अगुवाई दिन्छन् मलाई र संगति मिठो
जीउँदो , जीउँदो उतार्न पापदेखि । म कसरी
निश्चय जान्दछु ? मनमै जीउँछन् उनी

१८. भन जय जय उदेकको शक्ति छ
रगतमा, रगतमा
भन जय जय उदेकको शक्ति छ
येशूको अमोल रगतमा ।

१९.	क्रूसैमा क्रूसैमा मलाई परेथ्यो ज्योति
मेरो पापको भारी हटिगो
त्यहाँ विश्वास गरी मैले पाएँ दृष्टि
र अहिलेको जीवन खुशी भो ।

२०.	लिनोस् तन अर्पणछौं लिनोस् मन
चढाउँछौं लिनोस् धन पिता तपाईकै हौं (२)
तपाईकै शुरुदेखि छानेका
तपाई खीष्टको रगतले किनेका
तपाईकै आत्माका छाप लागेका तपाइकै हौं (२)

२१.	हे राजा येशू । तिमीले हाम्रो आत्मालाई जिलायौ
पापको जरो संसारको बन्धन निष्फल तुल्यायौ

२२.	स्तुतिपूर्ण ओठले हात उचाली भन्दछु
प्रभु म तपाईलाई धन्यको भन्दछु

२३.	प्रभुमा सधैं आनन्द गर फेरी पनि भन्दछु (२)
आनन्द आनन्द फेरी पनि भन्दछु (२)

२४.	धन्यवाद येशू (२)
धन्यवाद येशू मेरो मन देखि (२)
स्तुति होस् प्रभु (३)
हल्लेलूयाह येशू (३)
प्रशंसा होस् प्रभु (३)
जय जयकार होस् प्रभु (३)

२५.	हिजो आज सधैं भरि येशू समान छन्
हामी फेर्छौं उनी मात्र कहिले फेर्दैनन्
उनको नामको जय (२)
हामी फेर्छौं उनी मात्र कहिले फेर्दैनन्

२६.	हाल्लेलू (३) हाल्लेलूयाह येशूको जय
येशूको जय, हाल्लेलूयाह (३) येशूको जय

२७.	आजको दिन आजको दिन
उनले सृजेका, उनले सृजेका
रमाउँदै जाऊँ खुशी मनाऊँ
र आनन्द गरौं (२)

२८.	**ईश्वरको राज** पहिले खोजी गर उहाँको धार्मिकता
सबैथोक तिमीलाई थपिनेछ हल्लेलू हल्लेलूयाह ।
हल्लेलूयाह (३) हल्लेलू हल्लेलूयाह ।
**रोटीले मात्र** मानिस बाँच्दैन तर हरेक वचनले
जो परमेश्वरको मुखबाट निस्कन्छ हल्लेलू हल्लेलूयाह

**माग त तिमीलाई** दिइनेछ खोज त भेटाउनेछौ
घचघचाऊ ढोका उघारिनेछ हल्लेलू हल्लेलूयाह

२९. खुशी खुशी मनाऔं, खुशी खुशी मनाऔं (२)
भन, भन प्रभु येशू ख्रीष्टको जय (२)
मेरो लागि आए, मेरो लागि जिए (२)
मेरो लागि येशूले दुःख उठाए (२)
मेरो लागि मारिएथे मेरो लगि गाडिएथे (२)
मेरो लागि बौरी उठे, मेरो हुन् येशू (२)
म येशूको हुँ, हामी येशूका हौं
खुशी खुशी . . . . . . . . . .

३०. तपाईको दया जीवन भन्दा श्रेष्ठ (२)
भन्यको भन्छु स्तुति म गर्छु
तपाईको दया जीवन भन्दा श्रेष्ठ
हात उचाल्दछु तपाईको नाउँमा (२)
धन्यको भन्छु . . . .

३१. ल जाऊ है सियोन सम्म (३) येशूको नगरमा
**जय हल्लेलूयाह (३)** **आनन्द मनाऊ**
सियोनको राजा येशू (३) राज गर्दै जाऊ
प्रेमी छन् सियोनमा (३) प्रेम गर्दै जाऊ
नाँच्दै जाऊ सियोनमा (३) प्रेमी येशू कहाँ

३२. उहाँलाई महिमा मण्डलीमा अहिले र सधैं, उहाँलाई उहाँलाई महिमा मण्डलीमा अहिले र सधैं, उहाँलाई
उहाँलाई महिमा मण्डलीमा अहिले र सधैं, उहाँलाई
उहाँलाई महिमा मण्डलीमा अहिले र सधैं, उहाँलाई

३३. महिमा (३) होस् ईश्वरलाई महिमा होस् महिमा होस्
प्रशंसा (३) होस् ईश्वरलाई महिमा होस् महिमा होस् धन्यवाद (३) होस् ईश्वरलाई महिमा होस् महिमा होस्

३४. हे सबै जातिका मानिस हो !
हल्लेलूयाह हे सबै जन हो
उहाँको तारीफ गर
किनभने हामी प्रति उहाँको करुणा
अपार छ र यहवेको सत्यता
सधैंको निम्ति रहन्छ
हल्लेलूयाह, (४)

३५. तिम्रो परमेश्वरले बिर्सेको छैन तिम्रो कुरा
भुलेको छैन तिमीलाई (२) माग फेरि माग
खोज अझै खोज। घरी घरी घचघचाऊ (२)

३६. समयमा उनको समयमा, सबथोक सुन्दर बन्छन्
उनको समयमा मार्ग मलाई देखाउनुहोस्
दिनवदिन सिकाउनुहोस्
सदा हिंड्नलाई तपाईंको समयमा। समयमा
तपाईंको समयमा, सब थोक सुन्दर छन् तपाईंको
समयमा। जीवन मेरो सुम्पन्छु, स्तुति सदा गाउनेछु ग्रहणयोग्य होस् तपाईंको समयमा।

३७.	उनी नै हुन् प्रभु मृत्युबाट बौरने उनी प्रभु ।
हरेक घुँडा टेक्नेछ हर जिब्रोले भन्नेछ
येशू ख्रीष्ट नै हुन् प्रभु । तिमी नै
हौ प्रभु मृत्युबाट
बौरने तिमी प्रभु । मेरो घुँडा टेक्नेछ र जिब्रोले
भन्नेछ येशू ख्रीष्ट नै हुन् प्रभु ।

३८.	नाउँ उनको उदेकको (३) प्रभु येशू ।
प्रबल राजा उनी, सबै थोकको धनी,
नाउँ उनको उदेकको, प्रभु येशू ।
असल गोठालो, सनातानको चटान,
शक्तिमान ईश्वर उनी । दण्डवत्
गरौं उनलाई, आदर भक्ति चढाई,
नाउँ उनको उदेकको, प्रभु येशू ।

३९.	ताली बजाउँदै, गाऔं हल्लेलूयाह (२)
ताली बजाऔं
हल्लेलूयाह (३) ताली बजाऔं
हात उचाल्दै, हामी गाऔं हल्लेलूयाह (२)
हात उचाल्दै . . .

४०.हामी भेडालाई चराउँछौं खर्क र जम्मा गर्छन् उनको
अङ्गालोमा बोक्छन् उनले आफ्नो काँधमा
र हामीलाई अगुवाई गर्दछन् ।

४१.	धन्यवादी भई उहाँको ढोकाभित्र पस्नेछु
आँगनभित्र प्रशंसासाथ,
भन्नेछु यो त्यही दिन जो प्रभुले बनाउनु भो
खुशी छु उहाँले खुशी पार्नुभो
खुशी पार्नुभो (२) खुशी छु उहाँले खुशी पार्नुभो(२)

४२.	उहाँले मलाई सत्यनाशको खाडल र
दलदलले हिलोबाट तानेर निकाल्नु भयो ।
उहाँले मेरा खुट्टाहरुलाई चटानमाथि बसाल्नुभयो
उहाँले एउटा नयाँ गीत मेरो मुखमा हालिदिनुभयो
हाम्रो परमेश्वरको स्तुति (४)

४३.	आओ (२) परमप्रभुको निम्ति हामी गाऔं
हाम्रो उद्धारको चटान को निम्ति जयजयकार (३) गरौं
आओ (२) भन्यवाद गर्दै उहाँको सामने आओ
भजन गाउँदै उहाँको (२) जयजयकार (३) गरौं

४४.	स्वर्गमा पृथ्वीमाथि पृथ्वीमुनि भएका हरेक प्राणीले
येशूको नाउँमा घुँडा टेक्नुपर्छ । परमेश्वर पिताको
महिमाको निम्ति हरेक जिब्रोले
येशूलाईनै प्रभु हो भन्नुपर्नेछ

४५.	धन्यवादसाथ उहाँको मूल ढोकाभित्र
र प्रशंसा गर्दै उहाँको चोकभित्र पस

उहाँलाई भन्यवाद चढाओ (२)
उहाँको नाउँलाई धन्यको भन ।

४६. पर्वतहरुतिर म आफ्नो आँखा उठाउँछु ।
मलाई गोहार कहाँबाट आउँछ ?
मलाई गोहार परमप्रभुबाट नै आउँछ । जसले स्वर्ग र पृथ्वी सृजनुभो

४७. हर बखत म परमप्रभुलाई भन्यको भन्नेछु
उहाँको प्रशंसा निरन्तर मेरो मुखमा (हुनेछ) (३)

४८. संकष्टमा अति सजिलै पाइने सहायक । परमेश्वर
हाम्रो शरणस्थान र बल हुनुहुन्छ (२)
हे देशका सबै मानिस हो ताली बजाओ ।
उच्च सोरले परमेश्वरको जयजयकार गर (२)
सेनाहरुका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।
उच्च . . . .

४९. राजाहरुका राजा स्तुति, हल्लेलूयाह (२)
प्रभुहरुका प्रभु स्तुति हल्लेलूयाह,
येशू शान्तिको कुमार हल्लेलूयाह (२)

५०. सनातनको प्रभु येशू सियोनमा हुन् विराजमान
उद्धारको ज्योति जो हुन् स्तुतिको योग्य जो छन् ।

५१. सन्तान हौ हामी ख्रीष्टको गर्छौं प्रशंसा उनको
सबै कुरामा धन्यवादसाथ प्रार्थना गर
परमेश्वरको शान्तिले हृदय र
तिम्रो् विचारलाई येशूमा रक्षा गर्नेछ

५२. केही कुरामा चिन्तित नहोओ
सबै कुरामा धन्यवादसाथ प्रर्थना गर
परमेश्वरको शान्तिले हृदय र
तिम्रो विचारलाई येशूमा रक्षा गर्नेछ

५३. यस रात रक्षा गर्नोस् प्रभु
सब डर मेटाई
हामीलाई रुइनू दूत सबले
घाम नहुञ्जेल भुल्काई ॥

५४. आज रातभरी स्वर्गदूत आऊन
पखेटा फैलाई रक्षक भईरहून् ।

५५. पिता पुत्र र आत्माको जगत र स्वर्गमा धन्य होस्
दूतगण र मान्छे सबै भई उनैको स्तुति होस् सधैं ।

५६. प्रभु येशू ख्रीष्टको अनुग्रह परमेश्वर पिताको प्रेम (२)
पवित्र आत्माको संगति हामीसँग सधैं भइरहोस् ।

५७. हल्लेलूयाह सर्वशक्तिमान परमेश्वर राज गर्दछन् (२)
आनन्दित होऔं, खुशी होऔं
अनि महिमा उनैलाई चढाऔं ।
हल्लेलूयाह सर्वशक्तिमान परमेश्वर राज गर्दछन् ।

५८. हामी प्रशंसाको बलि ल्याउछौं परमेश्वरको घरमा (२)
हामी चढाउँछौं तपाईलाई बलिदानहरु धन्यवादको
हामी चढाउछौं तपाईलाई बलिहरु आनन्दको ।

५९. प्रभुको उपस्थितिमा आनन्द छ
गाऔं हल्लेलूयाह, आमेन (२)
नाचौं, खुशी मनाऔं (आनन्दसाथ)
प्रभुको अघि नाचौं (२)

६०. येशू ख्रीष्ट नै प्रभु हुन्
सब पृथ्वीका प्रभु (२)
एक मात्र ईश्वर राष्ट्रहरुमाथि,
एक मात्र परमेश्वर ।
अरु नाउँमा छैन त्यो मुक्ति
येशू ख्रीष्ट नै सबका प्रभु ।

६१. **होसन्ना** होसन्ना, होसन्ना येशू राजालाई (२)
उहाँको नाउँ उचालौं र प्रशंसा चढाऔं,
हाम्रो प्रभुलाई स्तुति होस् होसन्ना येशू राजालाई
**महिमा** . . . . . **प्रशंसा** . . . .

६२. म परमेश्वरलाई पुकार्छु, स्तुतिको योग्य उनी
म मेरा शत्रुबाट बच्नेछु ।
परमेश्वर जिउँछन् धन्यहोस् मेरो चटान
मेरो मुक्तिदाता उच्च गरियोस् (२)

६३. धन्यहोस् प्रभु येशूको नाउँ
उनी छन् प्रशंसा भक्तिको योग्य
यसैले उचालौं एकसाथ हाम्रा हात
गाउँदै धन्यहोस् त्यो नाउँ धन्यहोस् त्यो नाउँ
धन्यहोस् प्रभु येशूको नाउँ ।

६४. योग्य तपाई योग्य, सबका राजा, सबका प्रभु
तपाईं योग्य,
योग्य तपाईं योग्य, सबका राजा, सबका प्रभु
गर्छु प्रणाम । **पवित्र तपाईं**. . . **येशू**. . **तपाईं**. . .

६५. तपाई प्रभु सब पृथ्वीमाथि प्रभु हुनुहुन्छ,
सबै देवहरु भन्दा महान् परमेश्वर (२)
म उचाल्छु (३) तपाईंलाई
स्तुति गर्छु (३) तपाईंलाई

६६. योग्य अति योग्य, परमेश्वर तपाईं
धन्यवाद, प्रशंसा आराधना, भक्तिका योग्य (२)
गाउँछौं हल्लेलूयाह, थुमा सिंहासनमा
आराधना भक्ति चढाउछौं जनाउछौं महिमा ।
हल्लेलूयाह, महिमा राजालाई
विजयी भन्दा विजयी तपाईं सबका परमेश्वर

६७. स्वर्गीय पिता हामी प्रेम गर्छौं,
उच्च पार्छौं तपाईंको नाउँ,
हाम्रो स्तुतिमा स्थापित होस् त्यो राज्य,
जसै गर्छौं महान कामको प्रचार ।
धन्य होस् प्रभु महान ईश्वर
जो थिए छन् र हुन् आउँछन्
धन्य होस् प्रभु महान ईश्वर
राज गर्छन् जसले सदा ।

६८. म उच्च पार्नेछु त्यो नाउँ (२)
म झण्डा झैं उच्च पार्छु आकाशमा
म उच्च पार्नेछु त्यो नाउँ

६९. आराधना गर्न हामी सबै भेला भएका छौं (२)
आराधना गर्न हामी भेला भएका छौं आज,
आराधना, गरौं येशूलाई ।
बिर्सी आफैं आफैंलाई उकाग्र हौं प्रभु खीष्ट येशूमा (३)
आराधना गरौं येशूलाई
उनी मेरो धार्मिकता, रहन्छु दृढ भै सदा सर्वदा (२)
उनी मेरो धार्मिकता, रहन्छु दृढ भै सदा सर्वदा उनमा
आराधना गरौं येशूलाई
पवित्र हात उचाली, गरौ उनको नाउँको बढाई (२)
पवित्र हात उचाली, गरौं उनको नाउँको बढाई आज
आराधना गरौं येशूलाई ।

७०. आराधना गरौं, उनलाई दण्डवत् गरौं,
स्तुतिको गीत गाउँदै,
हाल्लेलूयाह भन्दै हल्लेलूयाह (३) आमेन

७१. महिमा, गरौं आराधना, येशूलाई होस्
सबै महिमा प्रशंसा आदर होस् महिमा, राज्यको अधिकार
सिंहासन देखि, बग्छ हामी प्रति गाऔं उनैको गान ।
उच्च पारौं, माथि अलग्याऔं येशूको नाउँलाई,
बढाई गरौं महिमित पारौं, खीष्ट राजालाई
महिमा, गरौं आराधना, येशू मरे आज महिमित बने
राजाहरुका राजा ।

७२. आराधना गर्छु महान प्रभु तपाईं झैं छैन अरु
आराधना गर्छु शान्तिका कुमार
यसै गर्न चाहन्छु म स्तुति गर्छु तपाईं मेरो धार्मिकता,
आराधना गर्छु महान प्रभु तपाईं झैं छैन अरु ।

७३. येशू जिउँदो छन् हाम्रो् माझ खडा छन् (२)
र यसैले आराधना गरौं प्रशंसा जय जयकार
उनैलाई चढाऔं (२)

७४. येशूले लिन्छन् उच्च आदर येशूले लिन्छन् प्रशंसा
पृथ्वी स्वर्ग एकसाथ उच्च पार्छन्
अरु नाउँ भन्दा उच्चा त्यो नाउँ,
घुँडा टेकौं आदर र भक्तिमा
त्यस नाउँमा टेक्नेछ सब घुँडा,
सब जिब्रोले स्वीकारोस् उनी ख्रीष्ट ईश्वर पुत्र
महाराजा दिन्छौं महिमा,
सबै आदर र भक्ति र शक्ति तपाईंकै हुन् तपाईंकै हुन् (२)
प्रभु येशू ख्रीष्ट जीवित ईश्वरका पुत्र ।

७५. प्रेम गर्छु प्रभु, म स्वर उचाल्छु
आराधना गर्न मेरो मन रमाओस्
आनन्द लिनोस् जे सुन्नुहुन्छ
त्यही मिठो आवाज होस् तपाईको कानमा

७६. जब प्रभुको आत्मा मेरो हृदयमा छ
म गाउँछु दाऊद झै (२)
म गाउँछु, म गाउँछु म गाउँछु दाऊद झै (२)
स्तुति गर्छु . . .
ताली बजाउँछु . . .
म नाच्छु . . .

७७. येशू हामी उचाल्छौं, राजा घोषणा गर्दछौं,
तपाईंलाई हाम्रो बीचमा प्रशंसा साथ उचाल्छौं,
हाम्रो स्तुतिमा राज गर्नुहोस् (३)
आउनुहोस् येशू राज गर्नुहोस् ।

७८. राजकीय पोशाक ल्याई मुकुट स्तुतिको चढाई
प्रभु येशूलाई दिऊँ शक्ति र बल . . . . (२)
राजाहरुका राजा परमप्रभु, युद्धमा वलवान्
शान्तिका राजकुमार महान ईश्वर, राजा सदाका ।

७९. धन्यवाद चढाऔं हृदयदेखि धन्यवाद पवित्र परमेश्वरलाई
धन्यवाद उहाँले दिनुभो येशू ख्रीष्ट आफ्नो पुत्र ।
भन निर्बलले म बलियो छु, गरीबले म धनी छु
कारण उहाँले जे गर्नुभो (२) हाम्रो लागि, धन्यवाद . . .

८०. विश्वासले प्रतिज्ञा देखी ईश्वरलाई मात्र हेर्छु
असम्भवलाई नहेरेर भन्छ “गरिनेछ” भन्छ “निश्चय गरिनेछ”
असम्भवलाई नहेरेर भन्छ “गरिनेछ”

८१. सेवा गर्छौं महान् प्रभुको (२) दूतगणले उनलाई ढोग्छन्
स्वर्ग पृथ्वी पुज्छन् सेवा गर्छौं महान् प्रभुको ।
राजाहरुका राजा प्रभुहरुका प्रभु
नाउँ उनको येशू (४) उनी हुन् राजा ।

८२.	प्रभुद्वारा बहादुरी गर्नेछौं उहाँले हाम्रा शत्रुलाई कुल्चनुभो
हामी गाउँछौं र कराउँछौं जय खीष्ट महान राजा ।
कारण खीष्टले जय पाउनुभो आफ्नालाई छुडाउनभो
उहाँकै वचनले शत्रु मरेका पृथ्वी उठेर त्यो देख्ने

८४.	**महिमा मारिएको थुमालाई,**
**प्रशंसा प्रभुहरुका प्रभुलाई,**
**जयजयकार राजाहरुका राजालाई -२**
१ धन्यवाद स्तुति आदर र भक्ति, मारिएको थुमालाई अति -२
इज्जत मान वैभव र शक्ति -२ अति -पवित्र) ३ (ईश्वर प्रति)
२ होसन्ना आमेन गौरव र गीति, मारिएको थुमालाई अति - २
प्रणाम ढोग दण्डवत् दृष्टि -२ ल्याउँछौं (विजयी) ३ (ईश्वर प्रति)

८५.	आऔं हामी आराधना गरौं,
सृष्टिकर्ता कै सामु घुँडा टेकौं,
आऔं हामी दण्डवत् गरौं,
सृष्टिकर्ता कै सामु घुँडा टुकौं,
उहाँ नै परमेश्वर हुन् र हामी उहाँको खर्कका प्रजा
र उहाँका हातका भेडा हौं र उहाँका हातका भेडा हौं ।

८६.	रगतले मलाई धुन्छ, रगतले जीवन दिन्छ,
रगत नै मेरो सट्टामा आयो उद्धारको बलिदानमा,
मलाई धुन्छ, हिउँ भन्दा सेतो पारेर,
मेरो येशू प्रभुको उत्तम बलिदान ।

८७.	ममा शुद्ध हृदय सृजनोस् प्रभु,
सत्य आत्मा पुर्नजीवित पार्नोस्
मलाई तपाईंको सामुन्नेबाट नफाल्नोस् ।
मबाट पवित्र आत्मा नलैजानोस् ।
मुक्तिको उमंग मलाईं फेरी दिनुहोस् ।
सत्य आत्मा पुर्नजीवित पार्नोस् ।

८८.	तिम्रो इच्छा पूरा होस्,
तिम्रो हातमा मेरो जीवन छ,
म माटो हुँ तिमी हौ कुमाले,
मलाई बनाऊ, मलाई उठाई २
आफ्नो खुशीमा हिंडिरहें,
तिम्रो कुरा मैले सुनिनँ,
तर प्रभु आज म तिम्रो
क्रुसलाई उठाउने छु -२

८९.	मुक्ति छ, हाम्रो प्रभुमा, जो सिंहासनमा बिराजमान छन्
उनै थुमालाई, स्तुति, महिमा, ज्ञान, धन्यवाद,
आदर, शक्ति र बल येशूलाई होस् सदासर्वदा -३ आमेन ।
उद्धार पएकाहरु जो बलिया हुन्छन् एकतामा
येशूलाई होस् सादा................

९०.	गाउँ हाल्लेलूयाह प्रभुलाई -२
गाउँ हाल्लेलूयाह, (२) गाउँ हाल्लेलूयाह प्रभुलाई
येशू संसारको ज्योति हुन् -२
येशू संसारको (२) येशू संसारको ज्योति हुन्

राज गर्न फेरी आउनेछन् -२
राज गर्न फेरी, (२) राज गर्न फेरी आउनेछन् ।

९१. उत्सव मनाऔं येशूको उत्सव मनाऔं -२
उनी बौरी उठेका छन् राज्य गर्छन् सदा सर्वदा
उनी बौरी उठेका छन् आऊ हामी उत्सव मनाऔं
पुनरत्थान हाम्रो प्रभुको आऊ हामी उत्सव मनाऔं
उत्सव मनाऊ प्रेमदानको लागि
ईश्वरको पुत्रले प्रेम गरी जीवन दिए
स्तुति चढाउँछौं कसैले नदिने आनन्द दिनु भो
भेटी लिएर आउँदछौं उत्सवको स्तुतिमा
आऊ हामी उत्सव मनाऔं -२
उत्सव मनाउँदै गाऔं - राजालाई

९२. क्रूसको छेउमा राख्नुहोस् जहाँ मुक्तिको धारा छ
जहाँ पापको प्रायश्चित छ जहाँ पीडाको अन्त छ
क्रूसको छेउमा राख्नुहोस् . . .
**तपाईंको धन्य मान्नेछु सदा म धन्य मान्नेछु**
**तपाईंको आगमनसम्म सदा म धन्य मान्नेछु -२**
क्रूसको छेउमा जब हुनेछु कृपा प्रभु मलाई गर्नुहोस्
पाप मेरो क्षमा दिई स्वर्गीय राज्य दिनुहोस्
क्रूसको छेउमा जब हुनेछु . . . .

९३. अब जागृति आएको छ यो देशमा २
पूर्वदेखि पश्चिमसम्म
उत्तरदेखि दक्षिणसम्म
अब जागृति आएको छ ३ यो देशमा
येशू माथि उचालिनुहुनेछ यो देशमा २
मेचीदेखि महाकालीसम्म,
हिमालयदेखि तराईसम्म येशूलाई सबैले देख्नेछन्,
येशूलाई सबैले चिन्नेछन्
येशू माथि उचालिनुहुनेछ यो देशमा ।

९४. येशू माथि उचालिएको देख्न चाहन्छौं यो देशमा
सबैले यो सत्य जानेको, उनी हुन् बाटो स्वर्गको
चाहन्छौं (देख्नलाई) २ येशू उचालिएको
पाइला-पाइला टेकी अघि बढ्छौं, जग्गा आफ्नो बनाउँदै
प्रर्थना हो शक्तिशाली हतियार
किल्लाहरु फोर्दै भत्काउने, भत्काउने ।

९५. प्रभु म आउँछु, मेरो हृदय परिवर्तन
गर्नोस् तपाईंको त्यो अनुग्रहले,
प्रभु जान्दछु मेरा कमजोरीहरु,
सबै हट्नेछन् त्यो प्रेमको शक्तिले ।
आँगाल्नोस् तपाईं प्रेमले, घेर्नोस्
नजिक ल्याई आफ्नो छेउमा राख्नोस्,
पर्खन्छु म चीलझैं माथि उड्न
मलाई उडाउहोस्, तपाईंको आत्माले
त्यो प्रेमको शक्तिमा ।
प्रभु खोल्नोस् आँखा, देख्नसकूँ प्रेमको ज्ञान
जसै तपाई मभित्र बास गर्नुहुन्छ,

नयाँ गर्नोस् हृदय आफ्नो योजनाअनुसार
हरेक दिन जिउँदा त्यो प्रेमको शक्तिमा ।

९६. बतास चलिरहेछ यस देशबाट भएर
स्वर्गीय सुगन्ध फेरी चलिरहेछ,
थाहा छैन कहाँबाट आउँछ ?
थाहा छैन कहाँ जन्छ ? तर हामीमा बहन्छ
हो. . . .हो. . .हो. . . त्यो बतास हामीमाथि बगोस्
वृष्टि भइरहेछ वर्षा, माथिबाट
प्रेम र दयाका बुँदहरु बर्सिरहेछन्,
स्वर्गतिर आँखा उठाऊ, त्यो वर्षा भएको हेर्न
जसले हामीलाई भिजाउँछ,
हो. . . हो. . . हो. . . त्यो वृष्टि हामीमाथि बर्सोस्
आगो बलिरहेछ जो आकाशबाट झर्छ,
आगोका जिब्राहरु जसले हामीलाई जलाउँछन्,
के तिमी थाहा गर्न सक्छौ ?
त्यो आगो बलिरहेछ - हामीलाई शुद्ध गर्न,
हो. . .हो. . . हो. . . त्यो आगो हामीमाथि बर्सोस् ।

९७. जागौं शक्तिशाली जाति
खडा हौं यो धर्तीमा,
लिऔं तरवार आत्माको,
भत्काऊँ योजना शत्रुको
जब उहाँ बिउँतनुभो -२
येशू बिउँतनुभो
हराउनुभो -२ शत्रुहरुलाई ।

९८. नडराऊ, म तिमीसग छु (३) भन्छन् प्रभु
उद्धार गरी तिमीलाई बोलाएको छु, तिमी मेरा हौ,
पानीबाट भएर जाँदा म त्यहाँ हुनेछु,
आगोमा पनि तिमी कहिल्यै डुब्ने छैनौ,
तिमी कहिल्यै जल्ने छैनौ,
कारण म तिमीसँग छु ।

९९. साहसी हौ, बलियो हौ, परमप्रभु तिमीसँग छन् ।
म डराउने छैन -छैन, छैन, छैन !
निरास हुने छैन -छैन, छैन, छैन !
म हिँड्दैछु विश्वास र जयमा,
आऊ हिँडौं विश्वास र जयमा
परमप्रभु तिमीसँग छन् ।

१००. मेरो जीवन तपाईमा छ, मेरो बल तपाईंमा छ,
मेरो आशा तपाईंमा छ - तपाईंमा, तपाईंमा
स्तुति गर्छु सारा जीवनले,
स्तुति गर्छु सारा बलले,
सारा जीवनले, मेरो सारा बलले,
मेरो सबै आशा छ तपाईंमा ।

१०१. तपाई मेरो बल प्रभु, तपाई मेरो सहायता,
तपाईं जसलाई म पुकार्छु,

तपाईं मेरो ढाल प्रभु, मेरो जीवन अर्पन्छु
कारण तपाईं सर्वेसर्वा मेरो ।

१०२. येशू ४, पवित्र र अभिषिक्त येशू,
तपाईंको नाउँ महझैं मेरो जिब्रोलाई,
तपाईंको आत्मा पानीझैं मेरो आत्मालाई,
तपाईंको वचन दियोझैं मेरो पाउलाई
येशू, प्रेम गर्छु, प्रेम गर्छु ।
येशू, . . . येशू, . . . येशू, . . .
बौरिएर उचालिएका येशू ।

१०३. सारा आदर, सारा महिमा, सारा शक्ति तपाईंलाई,
पवित्र पिता, आराधना गर्छौं,
अनमोल येशू हाम्रो उद्धारक,
पवित्र आत्मा, बाटो हेर्छौं २, जागृतिको लागि ३ ।

१०४. उनी हुन्छन् सदा थुमा सिंहासनमा,
खुशीसाथ घुँडा टेकी गर्छु आराधना ।

१०५. ईश्वर थुमा, पवित्र, येशू ख्रीष्ट, ईश्वर पुत्र,
उचालिए राजी भई मर्नलाई
मजस्तो दोषीले जनूँ रगत बग्यो,
अझ बग्दैछ, शुद्ध पार्दै निको पार्दै ।
म उच्च पार्छु येशू, मेरो बलिदान
उच्च पार्छु मुक्तिदाता, मेरो प्रभु
म उच्च पार्छु, परमेश्वरका थुमा
दण्डवत् गर्छु तपाईंलाई सिंहासनअघि ।

१०६. म बनाउँदैछु शक्तिशाली जाति
जसले गर्नेछ मेरो स्तुति,
मेरो आत्मा बहनेछ यो देशमा
र हुनेछ मेरो नाउँको महिमा ।
बनाउनोस् प्रभु आफ्नो मण्डली
हामीहरुलाई बलियो बनाई,
एउटै बनाउनोस् आफ्नो शरीरमा
आफ्नो पुत्रको राज्यमा ।

१०७. पवित्र आत्मा हामी स्वागत गर्छौं २
आउनोस् हाम्रो माझमा पवित्र आगोझैं,
सांसारिक इच्छा हामी पन्छाउँछौं जसै
हृदयभरि आशा लिई, हात उचाल्दै,
पवित्र आत्मा -३, स्वागत गर्छौं
पवित्र आत्मा, हामी स्वागत गर्छौं २
तपाईंको उपस्थिति बगोस् बतासझैं,
तपाईंका आफ्नैहरुले जनून् निश्चय नै
कसरी चल्नु आत्माको बहाउमै,
पवित्र आत्मा -३, स्वागत गर्छौं ।
पवित्र आत्मा, हामी स्वागत गर्छौं २
बिन्ति छ पूरा गर्नुहोस् आज नै
अनुग्रहको असल काम मेरो जीवनमा नै

स्वतन्त्रतासाथ गर्नुहोस् काम आफै नै
पवित्र आत्मा, ३ स्वागत गर्छौं ।

१०८. सुख्खा भयो मरुतुल्य, के भो जीवन अमूल्य ?
कहाँ गयो हरियाली, बाँझो भयो धर्ती
बर्साऊ, प्रभु, बर्साऊ, फेरी आत्मा हामीमाथि
भर, प्रभु, भर फेरि जीवन यो खाली-खाली ।
शैतान हाम्रो गर्छ उपहास, पठाऊ त्यो हुरी बतास,
पाप हाम्रो गर्छौं स्वीकार, फर्काऊ हाम्रो अधिकार,
हँसाऊ, प्रभु, हँसाऊ, फेरी पुछ आँखा हाम्रो
सजाऊ, प्रभु, सजाऊ, फेरी उजाड. जीवन हाम्रो ।

१०९. अभिषेक गर्नुहोस्, भर्नुहोस् पवित्र आत्माले २
तपाईंको योजना बुझ्न सहायता गर्नुहोस् २
नजीक हुन चाहन्छु, अति नजीक हुन २
नजीक हुन चाहन्छु (तपाईंकै) ३ ।

११०. यरुशलेमलाई पहाडहरुले घेरेझैं
परमेश्वर घेर्छन् आफ्ना मानिसहरुलाई
घेर्नुहोस् हामीलाई प्रभु २
तपाईंको उपस्थितिमा ल्याई, घेर्नुहोस् हामीलाई प्रभु ।

१११. हेर न हेर सृष्टिको सुन्दरता
यसलाई बनाउने प्रभुको महानता,
धनी र गरीब दुवै मिलेर
भन्न सक्छन् प्रभु धन्यवाद ।
खेतका आलीहरु, अन्न र बालीहरु
बादल, वृष्टि र बतासहरु, २
चरा-चुरुङ्गी उड्दै माथि आकाश छुँदा २
बैकुण्ठै पुगिदिन्छ मन मेरो ।
अनौठा बातहरु, जीव-जीवातहरु,
उज्यालो दिन अनि रातहरु २
असंख्य जतिहरु, विभिन्न रीतहरु २
उदेकले भरिन्छ यो मन मेरो ।
गर न गर ईश्वरको प्रशंसा,
सम्पूर्ण हृदयको उपासना,
मान्छे-मान्छेको सबै भिन्नता
मेटियो हेर उनको आँगनमा ।

११२. आकाश भन्दा उच्च-उच्च छ नाउँ,
सागरभन्दा गहिरो-गहिरो छ प्रेम,
आसमानभन्दा विशाल-विशाल अनुग्रह
छ हाम्रो प्रभु येशूको,
यसैले गर्छौं प्रशंसा, गाउँछौं महिमा उनै येशूको २
वाक्यले व्याक्त नहुने, भन्नलाई शब्द नपुग्ने प्रेम,
आदिदेखि अहिलेसम्म समयले साक्षी दिएको प्रेम;
स्वर्ग छाडी आउनुभो, क्रूसैमा मर्नुभो,
मृत्युलाई जित्नुभो, हामीलाई मुक्ति दिनलाई ।
सारा सृष्टिले ढोग्नेछ, सबै घुँडाहरु टेक्नेछन्,
निर्बल बलियो हुनेछ, लाटाले पुकार्नेछ त्यो नाउँ,
अन्धाले देख्ने छ, बहिराले सुन्नेछ

मुर्दा बिउँतिने छ उनैलाई महिमा दिनलाई ।

११३. हो जय जयकार, जय जयकार गरौं,
उनी हुन हाम्रा राजा राजा, दुःखबाट बचाउने त्राता,
हामीलाई आफ्नो करुणा देखाई गर्दछन् उपकार
तन-मन उनलाई अर्पण गरी
दिऔं आफ्नो अधिकार ।
उनमा छ जसको भरोसा भरोसा,
ऊ लड्दैन सदा-सर्वदा
चाहे बिरामी, चाहे गरीबी, चाहे होस् अकाल,
सब संकट र सब कष्टबाट हुनेछ ऊ पार ।
स्वर्ग हो उनको सिंहासन सिंहासन,
पृथ्वी बनेको छ आसन आसन,
आकाशले उनको महिमा गर्दछ देखाई हातका काम,
सारा सृष्टि उनको रचना, उनकै हो प्रताप ।

११४. आदर र महिमा र (जय तपाईंलाई होस्) ३
आदर र महिमा र जय तपाईंलाई होस्,
सिंहासनमा तपाईंलाई,
स्तुति, स्तुति सबैले भनुन् स्तुति
स्तुति, स्तुति सिंहासनमा तपाईंलाई
हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह २
हा. . .हा. . .हा. . . हल्लेलूयाह २
हल्लेलूयाह ४ आमेन्
हल्लेलूयाह आमेन् ५ ।

११५. पिता आराधना गर्छु,
मेरो जीवन अर्पण गर्छु
म तपाईंलाई प्रेम गर्छु
येशू . . . . . . . . . .
पवित्र आत्मा . . . . .।

११६. बदली गर्नोस् मेरो हृदय, सधैंको लागि साँच्चै,
बदली गर्नोस् मेरो हृदय, हुन सकूँ तपाईंजस्तै !
तपाईं कुमाले, म हुँ माटो,
बनाउनोस् मलाई तपाईं भाँडो ।

११७. उत्सव मनाउँछु प्रभुको लागि,
नयाँ गीत म उनको गाउँछु २,
स्तुति गर्छु, नयाँ गीत म उनको गाउँछु,
हल्लेलूयाह ४, हल्लेलूयाह, हल्लेलूयाह ।

११८. येशूको नाउँमा २ विजय हाम्रो छ,
येशूको नाउँमा २ शैतान भाग्नेछ,
जब खडा हुन्छौं येशूको नाउँमा, भन को टिक्न सक्दछ ?
येशूको शक्तिशाली नाउँमा, विजय हाम्रो छ ।

११९. म तपाईलाई खीष्टको प्रेमले प्रेम गर्छु २,
म तपाईंमा देख्दछु परमेश्वरको सुन्दरता,
म तपाईंलाई खीष्टको प्रेमले प्रेम गर्छु ।

१२०. विश्वास गर, निरास नहोऊ, खीष्ट साँचो मित्र हुन्,
जस्तै दु:ख भए पनि उनले साथ दिनेछन्,
दु:खको दिनमा गाऔं, सुखको दिनमा गाऔं,
प्रतिदिन जहाँ पनि हामी गाउनेछौं ।

१२१. महिमा राजाहरुका राजालाई
महिमा, महिमा, थुमालाई २
सिंहासनमा बिराजमान् छन्
धार्मिकताका परमेश्वर,
उनले हामीलाई बचाए,
उनैसँग राज गर्न, उठौं . .
धार्मिकताको खोजी गर्न
दिए उद्धारको पोशक
राष्ट्रहरुलाई प्रचार
गरौं उनको महिमा, उठौं.....।

१२२. योग्य ३ योग्य छन् थुमा जो मरिए २
पवित्र प्रभु ३ सर्वशक्तिमान् ।

१२३. पवित्र पवित्र प्रभु शक्तिमान् प्रभु
स्वर्ग पृथ्वी भरिन्छ उनको महिमाले,
होसन्ना होसन्ना, अति उच्चमा. . २

१२४. मेरो मन धन्य भन ममा जो-जति छन्,
उनको पवित्र नाउँलाई सबले धन्य भन,
राजा हुन् राजाहरुका, प्रभु हुन् प्रभुहरुका,
राजा हुन् राजाहरुका, सधैं-सधैंका लागि ।

१२५. न ता बलले न शक्तिले,
प्रभु भन्छन्, मेरो आत्माले
यो पहाड हटिजानेछ ३,
प्रभु भन्छन् मेरो आत्माले

१२६. जहाँ नदी बग्छ, त्यहाँ पूर्णता
पिताको वासस्थानबाट बग्दछ,
येशू जीवन हुन्, उनी त्यो नदी
जो आत्माद्वरा हामीबाट बग्दछन् ।

१२७. तपाईको नदीछेउ आउन दिनोस् ३
आउन दिनोस्, पिउन दिनोस् जिउन दिनोस्, तपाईंको नदीबाट पिउन दिनोस्. . . .
तपाईंको नदीद्वरा जीउन दिनोस्. . . .

१२८. अनुग्रह छ सब ऋण चुकाउनलाई,
रगत सबै पाप मेटाउनलाई,
शक्ति सबै शुद्ध राख्नलाई, मसीहमा छ ।

१२९. येशूजस्तै २, हुन चाहन्छु, येशूजस्तै,
थोरै नापमा होइन, उनको पूर्णतामा
हुन चाहन्छु येशूजस्तै ।

१३०. सूर्योदयदेखि सूर्यास्तसम्म प्रभुको प्रशंसा हुनुपर्छ,
प्रशंसा गर उनका सबै सेवकहरु हो !
उनको नाउँको प्रशंसा, उनको नाउँ धन्यको होस् !
अहिलेदेखि सदा-सर्वदा ।

१३१. प्रभुको आनन्द मेरो बल हो ४,
हाँसोले भरिन्छ मेरो मुख हा हा हा ४,
प्रभुको आनन्द मेरो बल हो,
हा ... हा ... हा ... हाल्लेलूयाह ४,
प्रभुको आनन्द मेरो बल हो ।

१३२. धन्यवाद येशू २, धन्यवाद प्रेमको लागि २,
कलभरी जानुभो, त्यहाँ तपाईं मर्नुभो,
धन्यवाद प्रेमको लागि २,
तपाईं जिइउठ्नुभो, नयाँ जीवन दिनुभो,
धन्यवाद प्रेमको लागि २ ।

१३३. येशू येशू, मेरो जीवनको स्वामी,
येशू-येशू, मेरो जीवनको किल्ला २।
धन्यवादको भेटी लिई आउँदछु,
अनुग्रहको सिंहासनअघि २
ताली बजाउँदै ४ ।
येशू-येशू, मेरो जीवनको राजा,
येशू-येशू, ख्रीष्ट मेरो मुक्तिदाता २ ।
हल्लेलूयाह गाउँदै म पस्नेछु
तपाईंको त्यो चोकभित्र २
पवित्र हात उचाल्दै ४ ।

१३४. मैले निश्चय गरेको छु रमाउन येशूमा,
मैले निश्चय गरेको छु विश्वास गर्न उनैमा ।
चाहे दाखको बोटमा फल नफलोस्,
चाहे मेरो जीवनमा सफलता नहोस् ।
मैले निश्चय गरेको छु रमाउन येशूमा,
मैले निश्चय गरेको छु विश्वास गर्न उनैमा
(चाहे हाँस्न परोस्, चाहे रुन परोस्
चाहे बाँच्न परोस्, चाहे मर्न परोस्
मैले निश्चय गरेको छु . . . .) ।

१३५. शिखरहरु हिउँले ढाकेझैं,
यो भूमिलाई वचनले ढाक्नैपर्छ
किनारहरु बालुवाले ढाकेझैं,

यो पुस्तालाई येशू चिनाउनै पर्छ २ ।
निराश छन् पहाडमा साइँला-माइलाहरु,
अशान्त छन् तराईमा सानी-ठूलीहरु,
चौबाटोमा सबैजना बाटो खोजीरहेछन्,
येशू नपाई मान्छेहरु मृत्यु पर्खिरहेछन् ।
रोएका छन् शहरमा घर-घरानाहरु,
भुलेका छन् पापैमा हाम्रा मानिसहरु ।
दोधारमा सबैजना अल्मलिरहेका छन्,
येशू नपाई मान्छेहरु मृत्यु पर्खिरहेछन् ।

१३६. हात फैलाई माया गरेर ढाक्छन् हामीलाई,
भन्छन् येशू राजा सुन सबै नानीलाई
जीवनको मुकुट तिम्रै हो, आऊ थाप्नलाई,
कोही नरोक साना बालकलाई (मथाइँ आउनलाई) २ ।
नानी हामी साना छौं, प्रभुका लागि प्यारा छौं २,
यो सानो मनमा, सबै जीवनमा २
प्रभुको राज्य सधै होस्, उहाँको बास भइरहोस् ।
आकाशका धेरै ताराहरुझै, मैदानका सबै फूलहरुझैं २
नानी हामी धेरै-धेरै छौं २
प्रभुको लागि प्यारा छौं, उहाँकै भएर जिउनेछौं २ ।

१३७. येशू येशू, प्रेम गर्दछु, प्रेम र शक्तिको योग्य तपाई,
येशू-येशू, प्रेम गर्दछु, प्रेम र भक्तिको योग्य तपाई ।

१३८. माथि शिर उठाऊ, आउने राजालाई
दण्डवत् गरौं, भक्ति चडाऔं, गाऔं, हौं गाऔं ।
उनको वैभवलाई, हाम्रो स्तुति सधैं
होस् पवित्र महिमाको योग्य
राजाहरुका राजालाई ।

१३९. प्रभु उचाल्छु तपाईंको नाउँ,
स्तुति गाउन चाहन्छु तपाईंको
खुशी छु तपाई हाम्रो जीवनमा,
आउनुभो हामीलाई बचाउन
आउनु भो स्वर्गबाट पृथ्वी, बाटो देखाउन
पृथ्वीबाट क्रूसमा हाम्रो, ऋण चुकाउन
क्रूसबाट चिहानमा, चिहानबाट आकाशमा
उचाल्छु तपाईंको नाउँ

१४०. धन्यवाद चढाउँछु प्रभु मानिसहरुको बिचमा
स्तुति गर्छु जाति जातिको माझमा
महान छ तपाईको दृढ प्रेम
आकाशसम्मै त्यो महान छ
र तपाईको विश्वासयोग्यता छ बादलसम्म
उचालिनोस् हे प्रभु सारा आकाशमाथि
तपाईको महिमाले ढाकोस् पृथ्वी २

१४१. तपाईको स्तुति गर्न (गर्नेछु)
तपाईको नाउँ महिमित पार्नलाई (पार्नेछु)
हरेक स्थितिमा धन्यवाद भन्नको लागि
तपाईलाई प्रेम गर्न (गर्नेछु)

तपाईको आराधना र आज्ञापालन गर्न
तपाईको लागि म बनिए ।

१४२. परम प्रभु अघि बढ्दैछन्
उनको सेना सदा बलियो छ
उनको महिमा यस देशमाथि देखिनेछ
स्वर उचाल्दै जयको गान गाऔं
स्तुति गरौं विजय भएकाछौं
कुनै हात हतियार काम लाग्ने छैन ।
हामीहरुको सेनापति येशू हुन्
हामी उनको पाइला पछ्याउँदछौं
कोही अघि खडा हुन सक्नेछैन ।
हामी मसिही सेना हौं
जयको साँचो उनको हातमा छ
प्रतिज्ञाको देश लिन अघि बढौं ।

१४३. प्रभु तपाईको प्रेमको उज्यालो
चम्किरहेछ जहाँ छ अध्यारो
येशू तपाईको वचनको तेजले
जीवन हाम्रो स्वतन्त्र गराउनोस्
ममा चम्काउनोस् २
चम्काउनोस् येशू
यस देशलाई पिताको महिमाले ढाक्दैं
दन्काउनोस् आत्मा
हाम्रो हृदयमा आगो जलाउँदै
बगाउनोस् नदी
यस देशमा अनुग्रह र दयाको बाढी
पठाउनोस् वचन र यहाँ होस् उज्यालो
प्रभु म आउँछु तपाईकहाँ अन्धकारबाट उज्यालोमा
तपाईको रगतले मलाई भित्र्यउनोस्
खोज्नोस्, खार्नोस्, अन्धकार हटाउनोस्
ममा चम्कनोस् २
जब हेर्छौं राजकीय उज्यालो
हाम्रो अनुहार हुन्छ तपाईको जस्तो
महिमाबाट महिमामा बदलन्छौं, हाम्रो जीवनले
तपाईंलाई चिनउँछौं, ममा चम्कनोस् २

१४४. सिंहासनमा विराजमान हुने, परमेश्वरको प्रजा हामी
आऊ उनलाई पुजौं भक्तिसाथ,
कहिल्यै छोडने छैनन् हाम्रो हात
उहाँको रगतले धोइ पखालेको पवित्र जाति
आदर प्रशंसा योग्य परमेश्वरको पुजाहारी हामी २
सनातनदेखि सनातन सम्म, आऊ उनलाई. . .
झरि, घाम र छायाँको सामना गरौं आज हामी
सबै नयाँ भएका स्वदेशमा जानेछौं हामी २
बादल परिको उहाँको देशमा, आऊ उनलाई पुजौं . . .

१४५. येशूलाई उचालौं हे युवा हो
उनको नाउँलाई भजौं हे युवा हो २
स्तुतिको योग्य हाम्रा प्रभु उनी हुन येशू २

१४६. म मेरै होइनँ, म मेरै होइनँ,
किनिएको रगतले, म मेरै होइनँ
येशूकै हुँ म, येशूकै हुँ म,
किनिएको रगतले येशूकै हुँ म ।

१४७. तपाईको मुहार ममाथि चम्काउनुहोस्
तपाईको सुन्दरताले मेरो जीवन ढाक्नुहोस्
तपाईंको रुपमा, बदली हुन चाहन्छु २
तपाईंको जस्तै मलाई बनाउनुहोस् तपाईंको. . .

१४८. विजयता छ मेरो खीष्टमा, क्षमा कारण उनी टाँगिए
पूर्णता छ मेरो जीवनमा छुटकारा उनैको जीवनले
उनैसँग राज्य गर्दैछु, सबै शैतानको शक्तिलाई जित्दै
प्रभु र राजा खीष्टसँग जिउँदै ।

१४९. होसन्ना, होसन्ना, होसन्ना महिमा स्तुति प्रशंसा
आज अनि सदासर्वदा, आमिन २
होसन्ना, होसन्ना, होसन्ना महिमा स्तुति
प्रशंसा, प्रशंसा, आज अनि सर्वदा
आऔं हामी सबै मिली गाऔं स्तुति उर्नकौ २
उनैलाई भक्ति आदर महिमा सधैं चढाऔं हाम्रो जीवनमा २
होसन्ना हल्लेलूयाह २ होसन्ना महिमा स्तुति
प्रशंसा हल्लेलूयाह, प्रशंसा आज पनि सर्वदा

१५०.
यी दिन हुन एलियाको झैं, वचन प्रचार गर्ने
यी दिन हुन प्रभुको दास मोशाको झैं धार्मिकता स्थापित गर्ने
यस्तै यी दिन हुन ठूलो परिक्षा अनिकाल लडाईका
हामी हौं उजाड स्थानमा कराउने स्वर प्रभुको बाटो बनाऊ
हेर उनी आउँछन बादलमा सूर्य झैं चम्कदै तुरहीको आवाजमा,
चर्को गरी कराऊ छुट्काराको वर्ष, सियोनबाट अझैं आउँछ उद्धार
यी दिन हुन इजकिएलका झैं सुख्खा हड्डी शरीर बन्ने
यी दिन हुन प्रभुका दास दाऊदको झैं प्रशंसा गर्ने मन्दिर बन्ने
अनि यी दिन हुन कटनीका संसारका खेतहरु
हामी हौं प्रभुका खेतका खेताला वचन घोषणा गर्ने
यहोवे झैं छैन ईश्वर. . . .

१५१. चाँडै धेरै चाँडै हामी हाम्रो राजालाई भेट्नेछौं (३)
हल्लेलूयाह, हल्लेलूयाह, हाम्रो राजालाई भेट्नेछौं
खुशी हुनेछौं, हामी हाम्रो राजालाई भेट्नेछौं (३)
मृत्यु हुँदैन, हामी हाम्रो राजालाई भेट्नेछौं (३)
रुवाइ हुँदैन, हामी हाम्रो राजालाई भेट्नेछौं (३)

१५२. यी ओठले सदा तपाईंको प्रशंसा गाइरहून्
यी आँखाले सदा तपाईंलाई खोजिरहून्,
मेरो यो हृदयले सदा तपाईंको प्यारको चाहना गरोस्
यी मेरा दुई हातहरुले प्रेमको खातिर सेवा गरुन्
परम परमेश्वरलाई धन्यवाद सदा
मर्नुभो क्रूसमा म जस्तोले गर्दा,
भुल्ने म छैन प्रेमको बलिदान
प्रशंसा जयजयकार ईश्वर महान् (२)

१५३.	सबै जातिका परमेश्वर,
सारा पृथ्वी र स्वर्गको मालिक
तपाईंको नाउँ उच्च पार्छौं,
तपाईंको शक्तिको बढाइ गर्छौं
सारा संसारले येशूलाई देख्नुपर्छ,
सारा मानिसले येशूलाई पुज्नुपर्छ
कारण तपाईं मात्र राजा र प्रभु एकमात्र परमेश्वर ।

१५४.	प्रभु आत्मा खन्याउनोस् संसारका सब मानिसहरुमा
तपाईका छोरा-छोरीले बोलून् अगमवाणी
सपना र दर्शन पठाइ, आफ्नो हृदय दर्शाउनुहोस्
विश्वास बढिरहेछ, स्वर्गले गुन्जाओस्, तपाईंको आउने दिन
अब ठूलो जगाउने काम हुनेछ
अब ठूलो जागृती आउनेछ यस देशमा
अब ठूलो जगाउने काम हुनेछ र ज-जसले
यृशूलाई पुकार्छन् यी सब बाँच्नेछन्
प्रभु आत्मा खन्याउनुहोस्, संसारका सब राष्ट्रहरुमा
तपाईंको महिमा देखेर, ती सबले दण्डवत गरुन्
प्रभु देखाउनोस् शक्ति, स्वर्ग पृथ्वी हल्लाई
संसार पर्खिरहेछ सृष्टिले देखून् तपाईंको आउने दिन

१५५.	मलाई तपाईको खाँचो छ,
हात प्रेमको बढाउनहोस्
सिंहासनबाट आउनुहोस्,
नदी प्रेमको बहाउनुहोस्, हे येशू
तपाईंको उपस्थितिमा डोर्‍याउनुहोस्
मेरो हृदय र आत्मा छुनुहोस्
नयाँ आशा भरोसा, नयाँ चङ्गाइ र मुक्ति दिनुहोस्
तपाईंको स्वतन्त्रताभित्र लानुहोस् मेरो हृदय, आत्मा फुकाउनुहोस्
नयाँ आनन्द र खुशी, नयाँ उचाइ र शक्ति भर्नुहोस् ।

१५६.	महान प्रभुलाई महिमा, परमप्रभुलाई प्रशंसा
यो मेरो जीवनको चाहना (हल्लेलूयाह होसन्ना) २
१ वर्तमान मेरो तपाईंको हातमा, भविष्यपनि तपाईंको साथमा
आनन्दित छु, शान्तिमा छु प्रभुहरुका प्रभुमा २
२ सर्वाङ्ग मेरो येशूको हातमा अर्पण गर्छु धन्यवाद साथमा
निश्चिन्त छु, निर्धक्क छु, राजाहरुका राजामा २

१५७.	अनन्तकालसम्मै होस् तपाईंको महिमा (४)
हे ईश्वर, हे पिता,
हे पुत्र येशू ख्रीष्ट, हे आत्मा पवित्र
युगानुयुग होस्, महिमा तपाईंकै ।

१५८.	एउटै बनाउनुहोस्, एउटै बनाउनुहोस्
एउटै बनाउनुहोस् हामीलाई (२)
एउटै बनाउनुहोस्, पिताको नाउँमा
पिताको नाउँमा हामीलाई (२)
एउटै बनाउनुहोस् येशूको नाउँमा
येशूको नाउँमा हामीलाई (२)
एउटै बनाउनुहोस् पवित्र आत्मामा
पवित्र आत्मामा हामीलाई (२)

१५९.	चुप लाग जान म ईश्वर हुँ (३)
म प्रभु तिमीलाई बनाउने (३)
म प्रभु तिमीलाई बचाउने (३)
म प्रभु तिमीलाई निको पर्ने (३)
म प्रभु तिमीलाई प्यार गर्ने (३)

१६०.	सधैं आनन्द गर यो प्रभुको इच्छा हो (३)
ख्रीष्ट येशूमा तिम्रो लागि ।
निरन्तर प्रार्थना गर, यो प्रभुको इच्छा हो (३)
ख्रीष्ट येशूमा तिम्रो लागि ।
सब थोकमा धन्य भन, यो प्रभुको इच्छा हो (३)
ख्रीष्ट येशूमा तिम्रो लागि ।

१६१.	आऊ चुनिएका जाति, परमेश्वरको सिंहासन अघि
एकै मनको भई, ठूलो स्वर निकाली
हाम्रो परमेश्वरको गाऔं. . . स्तुति
ताली बजाउँदै उनको सामने आऔं,
बडाई गरौं हाम्रो येशूको
नाँच्दै हामी उनको अघि जाऔं,
उत्सव मनाऊ हाम्रो राजाको

१६२.	हे मेरो मन परमप्रभुलाई धन्य भन्
उहाँको करुणा आज विहान,
फेरी देखाउनुभो मेरो जीवनमा
त्यसैले हे मेरो मन उहाँलाई धन्यको भन् २

१६३.	तपाई मेरो परमेश्वर, सधैं राज्य गर्नुहुन्छ
शैतानको शिर कुल्च्याई तपाईंको जय भएको छ । मेरो सारा बलले यो घोषणा गर्नेछ
मेरो उद्धारक जीवित हुनुहुन्छ

१६४.	तपाई मेरो परमेश्वर, तपाईं मेरो उद्धारक,
तपाईं मेरो भरोसा, तपाईंमा म रमाउँछु
म मग्न हुन्छु तपाईंमा ३

१६५.	नजिक नजिक नजिक आउँछु तपाईंको
तृप्त-तृप्त बनाउनुहोस् मत्रलाई प्रेमले
नजीक, नजीक अङ्गाल्नुहोस् मलाई प्रेमले
हृदय अझ तृषित छ, पिउन प्रेम तपाईंको २
हात बढाउनुहोस् प्रेमको, बढाउनुहोस् कोठा हृदयको
अटाउन प्रेम तपाईंको २

१६६.	तपाई मात्र हाम्रो परमेश्वर, अरु छैन हाम्रो परमेश्वर
यसैले म गाउनेछु -२ तपाईं मात्र हाम्रो परमेश्वर
यसैले म उचाल्दछु -२ तपाईं मात्र हाम्रो परमेश्वर

**१६७.	जीवनको नदी बगाउनुहोस्, प्रभु मेरो जीवनमा**
**मलाई जागृत गराउनुहोस् पवित्र आत्मामा ।**
**बदलिन चाहन्छु प्रभु तपाईंको रुपमा**
**पिताको लागि फल फलाउने, जीवन जिउन चाहन्छु**
**मेरो यो जीवनबाट तपाईंलाई, अग्ल्याउन चाहन्छु ।**
**जीवनको नदी बगाउनहोस् . . . .**

१६८. स्वतन्त्र गराउनुहोस् पवित्र आत्मा हामीलाई (२)
गाउन गीत आराधनाको येशूलाई
आराधना गर्न हृदयले प्रेम गर्न शक्तिले (२)
पवित्र गराउनुहोस्. . . . . .
एउटै मन गराउनुहोस्. . . .

१६९. तपाई मेरो प्रभु, तपाईं मेरो राजा
तपाईं अति महिमित पृथ्वी र स्वर्गमा
आराधना गर्छु म, तपाईं प्रभु येशूलाई
महिमित पार्छु म, तपाईंको नाउँ ।

१७०. कस्तो बदलाउ ममा -३ जब येशूकहाँ गएँ
सधैं खाने थोक, खान छोडे -३ जब येशूकहाँ गएँ
सधैं पिउने थोक, पिउन छोडें -३ जब येशूकहाँ गएँ
सधैं जाने ठाउँ, जान छोडें -३ जब येशूकहाँ गएँ

१७१. धन्य जो परमप्रभुको नाउँमा आउँछन् (४)
हल्लेलूयाह, हल्लेलूयाह
वरुख हावा वेशेम आडोनाई, हल्लेलूयाह (२)
वरुख हावा वेशेम आडोनाई, हल्लेलूयाह, हल्लेलूयाह (२)

१७२. पवित्र आत्मा आउनुहोस् हामीमा (३)
हृदयको द्वार खोली बोलाउँछौं तपाईलाई (२)
शान्तिको आत्मा आउनुहोस् हामीमा
हृदयको द्वार खोली ग्रहण गार्छौं तपाईंलाई (३)
चङ्गाइको आत्मा आउनुहोस् हामीमा . . . .

१७३.
(परमेश्वरको चोखो वेदीमा, चढाउछु यो मेरो जीवन)२
मेरो सारा हृदयले तपाईंलाई महिमा होस् ।
(मेरो परमेश्वर मेरो सहारा, तपाईको वचन मेरो ज्योति)२
अन्धकारमा पनि ज्योति दिने तपाईंलाई महिमा होस् ।
(उचाल्छु मेरा यी दुई हात धन्यवादको भेटी दिनलाई)२
मेरो सारा हृदयले तपाईंलाई जयजयकार होस् ।

१७४. डाडाँ, पाखा शुभ-समाचार ल्याउने पाउ
कति सुन्दर, कति सुन्दर
जसले खुशी र शान्तिको घोषणा गर्छन्
हाम्रो प्रभु राज्य गर्छन्, हाम्रो प्रभु राज्य गर्छन् २

१७५. धन्य होस् तपाईंको नाउँ -४
तपाई हाम्रो चट्टान -२ हाम्रो प्रभु
धन्य होस् तपाईंको नाउँ -४

१७६. जागृति पठाउनुहोस् हे हाम्रा स्वर्गीय पिता
तपाईंको नाउँ पवित्र होस्, तपाईंको राज्य आओस् ।
तपाईंको नाउँ पवित्र होस् तपाईंको राज्य आओस्
तपाईंको इच्छा जस्तो स्वर्गमा छ
त्यस्तै यस नेपालमा (पृथ्वीमा) पूरा होस् ।
म विहान सवेरै उठ्नेछु, स्तुति प्रशंसा चढाउनेछु
येशूको नाउँलाई महिमित पार्नेछु

मरिरहेका आत्माको मुक्ति र उद्धारको लागि
अन्तरबिन्तीको प्रार्थना चढाउनेछु ।
म भाले बास्दा उठ्नेछु, स्तुति-प्रशंसा चढाउनेछु
यृशूको नाउँलाई महिमित पार्नेछु
लाखौं-लाखौं मानिसले येशू प्रभुलाई ग्रहण गरी
मुक्ति र उद्धार पाएको म देख्नेछु ।

१७७. उचालिनुहोस् मेरो जीवनमा
खन्याउनोस् तपाईंको आत्मा
देखाउनोस् तपाईंको महिमा
मेरा हात फैलाई गुहारछु तपाईंलाई
जागृति पठाउनोस् प्रभु
आउनुहोस् आफ्नो शक्तिमा
मलाई निको पार्न मलाई जागृत गराउन

१७८. भन भन सबैले (हल्लेलूयाह -३) २
ख्रीष्टको प्रेम अति ठूलो छ कठोर पापी हृदय तोड्ने
अन्धकारमा लुकिबस्ने मान्छेलाई खोजिभट्टाउने -२
ख्रीष्टको प्रेम अति धेरै छ संसारले दिनै नसक्ने
खुशी उनको अचम्मको छ, खोजेर खोज्नै नसक्ने ।

१७९. धेरै प्रेम, धेरै शक्ति, तपाईंको बढोस् ममा
आराधना गर्छु मेरो सारा हृदयले
आराधना गर्छु मेरो सारा बलैले
आराधना गर्छु मेरो सारा मनैले
तपाईं मेरो परमेश्वर, धेरै प्रेम . . .
तपाईंलाई खोज्छु मेरो सारा हृदयले
तपाईंलाई खोज्छु मेरो सारा बलैले
तपाईंलाई खोज्छु मेरो सारा मनैले
तपाईं मेरो परमेश्वर, धेरै प्रेम . . ..

१८०. परमेश्वरको राज खानपिनमा होइन,
तर धार्मिकता, शान्ति र आनन्द -२
धार्मिकता, शान्ति र आनन्द, पवित्र आत्मामा -२

१८१. जब म देख्छु तपाईंको महानता
तपाईंको शक्ति, तपाईंको अनुग्रह
मेरो जीवनमा म थाहा गर्छु
म गाउँछु, रमाउँछु, कराउँछु हो. . .
उत्साहित हुन्छु, तपाईंको स्तुति गाउन,
उत्साहित हुन्छु, तपाईंको प्रशंसा गर्न
उत्साहित हुन्छु, तपाईंलाई उच्च पार्न . . . २ लाई
कारण तपाईं मेरो प्रभु र राजा
मेरो एकमात्र आशा अनि भरोसा,
मेरो बल र चट्टान, मेरो सर्वस्व तपाईं
म नाच्छु, उफ्रन्छु, कराउछु, हो . . .
उत्साहित हुन्छु तपाईंको सपस्थितिमा आउन
उत्साहित हुन्छु तपाईं प्रभुलाई भेट्न
उत्साहित हुन्छु तपाईंलाई सदा प्रेम गर्न. . .२ लाई

१८२.मेरो येशू, मुक्तिदाता, तपाईं झैं छैन अरु
मेरा सब दिन स्तुति गर्छु, तपाईंको महान प्रेमको लागि
मेरो उत्साह र सुरक्षा, लुक्ने धरहरा र बल
सास रहुन्जेल म तपाईंको, आराधना गरिरहन्छु
कराऊ पृथ्वी हामी सबै मिली गाऔं,
शक्ति र महिमा स्तुति राजालाई
पहाड निहुरन्छ, समुद्र गर्जन्छ येशूको नाउँ सुनेर,
खुशीसाथ गाउँछु तपाईंको काममा
सधैं प्रेम गर्छु, खडा हुन्छु तपाईंमा
दाँज्न सकिन्न प्रतिज्ञा जो छ तपाईंमा -२

१८३. हामी तपाईको मुहारको खोजी गर्छौं
यो देश निको पार्नोस् भनि प्रार्थना गर्छौं
पिता हामीमा जागृति शुरु गर्नोस्
तपाईंको राज्य आएको सबैले जानोस्
परमप्रभुको नाउँ उचाल्छौं, शक्ति र एकतामा
यो राष्ट्र फर्किएको देख्छौ, छोएर स्वर्ग बदल्न नेपाल
हामी पछि नफर्कि दौडन्छौं
इनाम पाउन आफैं समर्पित हुन्छौं
दिएको फसल हामी ग्रहण गर्छौ,
आँशू साथ छर्दै खुशी साथ कटनी गर्छौं
परमप्रभुको नाउँ. . . . . . .. . .
यो जागृति पठाउनहोस्, यो जागृति हामीमा (३)

१८४. बगाउनुहोस्, बगाउनुहोस् नदी जीवनको प्रभु -२
तपाईको सिंहासनदेखि, मेरो जीवनमा फेरी -२
प्रभु बगाउनुहोस् ममा -२
खन्याउनुहोस्, खन्याउनुहोस् आत्मा हामी माथि -२
प्रतिज्ञा पूरा गर्नुहोस्, मेरो जीवनमा तपाईंको -२
दर्शन दिनुहोस् मलाई -२

१८५. मुकुट पहिऱ्याउछौं थुमा तपाईंलाई (२)
तपाईंकोमा अधिकार छ,
सबै मोहोरहरु खोल्ने
तपाईंमात्र सिद्ध, पवित्र,
हामी धोइएका छौं, थुमाको रगतले
हुन दुलही तपाईंको सदालाई

१८६. झरीको प्रभु तपाईंलाई पुकार्दछौं,
झरीको प्रभु हामी प्यासी छौं, झरीको प्रभु आऊ,
जागृत गराउनुहोस्, झरीको प्रभु -२ (आऊ)
ताजा बनाउनुहोस्, झरीको प्रभु -२ (आऊ)
नयाँ जीवन ल्याउनुहोस्, नयाँ दाखमद्य पियाउनुहोस्
आउ झरी खन्याऊ -३, आऊ आत्मा खन्याऊ -३

१८७. हे परमेश्वर आफ्नो शक्ति देखाउनुहोस्
अघि गरे झैं आफ्नो शक्ति फेरी देखाउनुहोस् -२
१ प्रशंसाले पर्खिरहेछ, तपाईंलाई प्रभु
प्रशंसा आफ्नो मण्डली ।
२ हर्षको गीतलाई निम्त्याउने, आनन्दको प्रभु
मानिसको आशा तपाईं हुनुहुन्छ ।

३ लाखौं-हजारौं रथहरुमा सवार हुने प्रभु
पवित्र स्थानमा आउनुहोस् ।

१८८. तपाईको आदर गर्ने चाहना,
सम्पूर्ण हृदयको आराधना
ममा भएका सबले म स्तुति गर्छु,
मेरो सबै भक्ति छ तपाईंमा
प्रभु अर्पण गर्छु मेरो हृदय र प्राण,
तपाईंको लागि जिउँछु,
जब सास म लिन्छु जागा हुन्छु तब
तपाईंले चाहे झैं होस् ममा २

१८९. हाम्रो एउटै चाहना हृदयको गहिऱ्याइमा सत्य हुन
हाम्रो एउटै चाहना थुमाको रगतमा शुद्ध हुन
हाम्रो एउटै चाहना हाम्रो प्रभुलाई महिमा दिन
पवित्र -४ हाम्रो परमेश्वर
हाम्रो एउटै चाहना येशूको जीवनमा साथ हुन
हाम्रो एउटै चाहना येशूको प्रेममा मग्न हुन
हाम्रो एउटै चाहना पवित्र दुलही उनको हुन
हाम्रो दुलहा -४ अब आउनुहोस् ।

१९०. जसै तिम्रो आराधना गर्छु, तिम्रो महिमित मुहारलाई हेर्छु
तिम्रो उपस्थितिभित्र जब पस्छु, तिम्रो प्रेमको अनुभव गर्छु
लागेका चोट र घात हृदयको निको हुन्छ
आत्मा र शरीरको रोग निको हुन्छ -२

१९१. म ठूलो सभामा उद्धारको सुसमाचार सुनाउनेछु
मेरा ओठहरु म बन्द गर्ने छैनँ,
म मेरो हृदयमा तपाईंको धार्मिकतालाई लुकाउदिनँ
तपाईंको विश्वासयोग्यता म घोषणा गर्नेछु,
तपाईंको प्रेम, सत्यता म सदा गाउनेछु,
तपाईंको प्रेम, कृपामा हर्षित हुनेछु र गाउनेछु,
सुरक्षित छु यो प्रेममा ।

१९२. मेरा ओठले तपाईको प्रशंसा गरुन्
कारण तपाईंले आफ्ना नियमहरु मलाई सिकाउनुहुन्छ
मेरो जिब्रोले तपाईको भजन गाऊन्
कारण तपाईंका आज्ञाहरु धार्मिक छन्
मेरो जिब्रोले तपाईका आज्ञा धार्मिक छन् ।

१९३. **येशूले मलाई जीवन दिनभो -४**
**यसैकारण गाउनेछु, सबलाई सुनाउनेछु**
**एउटै राजा येशू खीष्ट नै हुन् -२**
**हल्लेलूयाह, आमेन हल्लेलूयाह -४**
येशूले मलाई मुक्ति. . . . . .
येशूले मलाई क्षमा. . . . . .
येशूले मलाई आनन्द. . . . .
येशूले मलाई सबथोक. . . .

१९४. जसै तपाईको शक्तिको घोषणा गर्छौं
जसै तपाईंको नाउँको प्रशंसा गर्छौं -२

टुटेको हृदय जोड्नुहोस्, बन्धन सब फुकाउनुहोस्
अन्धकार हटाउनुहोस् (होसन्ना मारानाथा -२)
जसै तपाईंमा साह्रै खुशी हुन्छौं,
जसै तपाईंमा हृदय रमाउँदछ -२
हर्षको तेल खन्याउनुहोस्, धार्मिकता पहिऱ्याउनुहोस्
अभिषेक पठाउनुहोस् (होसन्ना मारानाथा -२)
आउनुहोस् हे येशू. . . २
जसै तिम्रो आराधना गर्छु

१९५. मसित जाऔं पिताको घरमा
पिताको घरमा, पिताको घरमा
मसित जाऔं पिताको घरमा
जहाँ आनन्द, आनन्द छ।
सुनको सडक छ (पिताको घरमा) ३
सुनको सडक छ पिताको घरमा
जहाँ आनन्द, आनन्द छ।
रुनु पर्दैन (पिताको घरमा) ३
रुनु पर्दैन पिताको घरमा
जहाँ आनन्द, आनन्द छ।

१९६. चट्टानको महभन्दा मीठा (२)
प्रभु चट्टानको महभन्दा मीठा छन्
चाखिहेर, प्रभु भलो छन्,
प्रभु चट्टानको महभन्दा मीठा छन्।

१९७. लाग्छ, गाउन मन लाग्छ (२)
लाग्छ, नाच्न मन लाग्छ
ख्रीष्टको निम्ति गाउन मन लाग्छ
ख्रीष्टको निम्ति नाच्न मन लाग्छ

१९८. म तपाईको मुहार हेर्न चाहन्छु
म तपाईको मुहार खोजी गर्छु (२)
आराधना गर्छु पवित्रताको सुन्दरतामा (२)
हृदय सब खोली आउँछु (२)
स्तुति गाउन (४)
हल्लेलूयाह, हल्लेलूयाह (२)

१९९. यशैया (३) भन्छन्, प्रभु सारा पृथ्वीका सृष्टिकर्ता हुन्
उनी बलिया र सामर्थी, उनको समझ असीमित
दुर्बललाई बल दिने, शक्तिहीनलाई शक्ति दिने (२)
येशू सामर्थी, यो हो आत्माको समय (५)
चीलझैं उँभो उड्ने, आत्मामा भुरपूर हुने,
नवीन सामर्थ पाउने
यशैया भन्छन्. . ., यो हो फसलको समय (५)
सिपाहीझैं लडाइँ लड्ने, प्रभुको राज्य ल्याउने
विजयको झण्डा गाड्ने।

२००. तपाईको प्रजा हामी,
तपाईंलाई उचाल्छौं एकै मनका भई
हाम्रो हात उचाली,
तपाईंलाई चढाउँछौं महिमा सदा-सदालाई २

हाम्रो स्वर उचाली
तपाईंलाई चढाउँछौं स्तुति खुशी भई ।
येशू हाम्रा राजा, राज गर्नुहुन्छ सदा-सदा
(हाम्रो जीवनमा, देशमा, संसारमा) २

२०१. हामी प्रशंसाको मानिस, येशूको प्रशंसा गरौं
उनको महिमा र प्रशंसाले सारा पृथ्वी ढाकिदिऊँ
र उचालौं येशूलाई सबै देवहरुभन्दा माथि
देवहरुमा तपाईं महान् पवित्रतामा अति सिद्ध
उदेकको र भययोग्य, काम गर्ने परमेश्वर
र उचाल्छौं तपाईंलाई सबै देवहरुभन्दा माथि ।

२०२. तपाईलाई छाडी कसलाई पुजूँ
कसको सेवा गरुँ, तपाईं मेरो परमेश्वर
तपाईंलाई छाडी कसलाई भजूँ
कसको उपासना गरुँ, तपाई मेरो ठूलो इनाम
स्वर्गमा तपाईंविना मेरो कोही छैन
पृथ्वीमा मैले चाहेको तपाईं मात्र हुनुहुन्छ ।

२०३. हे येशू, तिमी नै सबै थोक हौ मेरो २
तिमी नै राजा, तिमी नै मालिक यो जीवनको
कुटिपिटी मलाई बनाऊ, पछितो हेही छैन
च्यातिफारी मलाई बुझ्ऊ, गुनासो केही छैन ।

२०४. तपाईको उपस्थितिमा म नयाँ हुँदछु
तपाईंको उपस्थितिमा म चीलझैं उड्दछु
तपाईंको उपस्थितिमा विगतलाई भुल्दछु
तपाईंको उपस्थितिमा म बलवान् हुँदछु
कारण तपाईंको उपस्थिति नै मेरो आहार हो
कारण तपाईंको उपस्थिति नै मेरो भरोसा हो
कारण तपाईंको उपस्थिति नै मेरो जीवन हो ।

२०५. स्तुति आराधना माथि जानेछ
आशिष लिएर तल आउनेछ
प्रभु हाम्रो कति महान् २
हेर हामीलाई गर्छन् प्यार २
हल्लेलू हल्लेलूयाह २

२०६. महान र शक्तिमान हाम्रो प्रभु
महान शक्तिमान उहाँ
महान र शक्तिमान हाम्रो प्रभु
महान शक्तिमान उहाँ
प्रशंसाहरुको झण्डा उठाओ, राजालाई स्तुति
महान र शक्तिमान हाम्रो प्रभु
महान शक्तिमान उहाँ
राज गर्छन् (२) धन्यहोस् प्रभुको नाम
हाम्रो प्रभु परमेश्वर सर्वशक्तिमान
महिमामा राज गर्छन् २
प्रभुका प्रभु राजाका राजा
तपाईं मात्र योग्य
स्वर्ग पृथ्वी सबले गाउँछ तपाईंको महिमा

प्रशंसा पिता र पुत्रलाई पवित्र आत्मालाई प्रशंसा
प्रशंसा महिमाको राजालाई, प्रशंसा अनन्त सम्मलाई
प्रभुको थुमा पवित्र छन्
धर्मी अनि क्षमाशील
विहानको तारा झैं छैन अरु
प्रशंसा पिता र पुत्रलाई . . . . .

२०७. हे येशू -२ मेरा सारा शरीरले
मेरा सारा प्राणले
मेरा सारा आत्माले
हे येशू मेरा सारा शरीरले
मेरा सारा प्राणले
मेरा सारा आत्माले आराधना गर्छु।

२०८. येशू हुन् साँचो गोठालो हामी उहाँका भेडा हौं
हरियो खर्कमा हामीलाई चराउँछन्
हामीलाई कसैको अब त डर छैन
किनकी हाम्रो साथ येशू हुनुहुन्छ
येशू हुन्. . . . . . .
बाटोमा मलाई रक्षा गर्दछन्
शैतानको डरबाट हामीलाई बचाउँछन्
येशू हुन् साँचो गोठालो, हामी उहाँका भेडा हौं
हरियो खर्कमा हामीलाई चराउँछन्
हल्लेलूयाह आमेन (४)

२०९. धन्यहोस् प्रभुको नाउँ (३) सर्वोच्च
धन्यहोस् प्रभुको नाउँ (३) सर्वोच्च
तपाईंको नाउँ बलियो धरहरा
तपाईंको शरण पार्छन् र बास गर्छन्
येशू हुन् प्रभुको नाउँ
पवित्र हुन् येशूको नाउँ (३) सर्वोच्च

२१०. येशू ईश्वरको थुमा योग्य तपाईंको नाउँ
येशू ईश्वरको थुमा योग्य तपाईको नाउँ

२११. अनुग्रही प्रभु तपाईं दया देखाउनभो मलाई
चुन्नुभो तपाईंको हुनलाई मजस्तो तुच्छ पापीलाई।
प्रेमीलो प्रभु तपाईं, प्रेम देखाउनभो मलाई
सहनभो क्रूसको दुःखलाई अनन्त जीवन दिनलाई।

२१२. आइरहेछौं (३) थुमाको रगतको कारण, छुन सिंहासनलाई
आइरहेकाछौं (२)
दण्डवत् गर्न येशूलाई आराधना गर्न प्रभुलाई
आइरहेकाछौं (२)

**२१३. आउनुहोस् प्रभु तपाई, हाम्रो माझमा,**
**दिनोस् तपाईंको पवित्र आत्मा**
**तपाईंको आनन्दले भरिन सकूँ,**
**तपाईंलाई सधैं धन्यको भनूँ**
**हल्लेलूयाह (४) स्तुति गर्छु (३) तपाईंलाई।**

२१४.	आउनुहोस्, पवित्र आत्मा बिन्ती छ (२)
१ ल्याउनुहोस्, चङ्गाइ र मुक्ति (यो हाम्रो हृदयको चित्कार) २
२ ल्याउनुहोस्, जागृति यहाँ (यो हाम्रो हृदयको चित्कार) २

२१५.	आउनुहोस् प्रभु (२) आउनुहोस् प्रभु, मेरो हृदयमा
तपाईको उपस्थितिले मलाई सधैं भर्नुहोस्
आउनुहोस् येशू, आउनुहोस् पवित्र आत्मा।

२१६.	आउनुहोस् पवित्र आत्मा, हामी तपाईको साथमा
भर्नोस् तपाईको शक्तिले राज गर्नुहोस् मनमा
तपाई जिउँदो पानी, कहिल्यै नसुक्ने झर्ना
सान्त्वना र सल्लाहाकार, लिनोस् आफ्नो वशमा,
आउनुहोस्. . . . .

२१७.	आऊ, बचाऊ प्रभु, हामीलाई, केही देखिँदैन अँध्यारोबहेक
छेलिदेऊ, छोपीदेऊ, ढाकीदेऊ मलाई
येशू प्रभु, भन म के गरुँ, संसारको अन्त अब चाँडै हुँदै छ
बादलमाथि तिमी आउँदा चिनिदेऊ मलाई।

२१८.	येशू हुन् मानिसको एकमात्र साहरा (२)
प्रेम गरी बगाए रगतको धारा (२)
धन्यवाद दिन्छौं हामी हृदय खोलेर (२)
उचाल्छौं येशूलाई (स्वर हाम्रो खोलेर) २

२१९.	उत्सव मनाऔं येशूको उत्सव मनाऔं २
उनी बौरी उठेका छन् राज्य गर्छन् सदा-सर्वदा
उनी बौरी उठेका छन् आऊ हामी उत्सव मनाऔं
पुनरुत्थान हाम्रो प्रभुको।

२२०.	आऊ हामी उत्सव मनाऔं
उत्सव मनाऊ प्रेमदानको लागि
ईश्वरको पुत्रले प्रेम गरी जीवन दिए
स्तुति चढाउछौं, कसैले नदिने आनन्द दिनुभो
भेटी लिएर आउछौं उत्सवको स्तुतिमा
आऊ हामी (उत्सव मनाऔं) २
(उत्सव मनाउँदै गाऔं) २ राजालाई

२२१.	आओ दण्डवत् गरौं र निहुरौं
हाम्रा सृष्टिकर्ता परमप्रभुकै सामु घुडा टेकौं
किनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ
र हामी उहाँका खर्कका प्रजा, उहाँका हातका भेडा हौं।

२२२.	आदर र महिमा र (जय तपाईलाई होस्) ३
आदर र महिमा र जय तपाईलाई होस्,
सिंहासनमा तपाईलाई,
स्तुति, स्तुति सबैले भनून् स्तुति
स्तुति, स्तुति सिंहासनमा तपाईलाई
हल्लेलूयाह, हल्लुलूयाह, हल्लेलूयाह २
हा.. हा.. हा.. हल्लेलूयाह २
हल्लेलूयाह (४) आमेन
हल्लेलूयाह आमेन (४)।

२२३.	आदर, महिमा, प्रशंसा गर्नलाई डोऱ्याउनुहवस्, प्रभु, हरपल मलाई
तपाईको उपस्थितिभित्र सधैं मग्न हुनलाई, होसन्ना जय हल्लेलूयाह (४)
तपाईको उपस्थितिभित्र सधैं मग्न हुनलाई, होसन्ना जय हल्लेलुयाह (४)

२२४.	आराधना परमेश्वरलाई, आराधना राजालाई,
राजाहरुका राजा प्रभुहरुका प्रभु
हामीलाई बचाउने, हल्लेलूयाह (२) आराधना तपाई ।

२२५.	ईश्वरले दिए त्यो असल ठाउँ, म भित्र पस्छु र रमाउँछु
उहाँको महिमा म थाहा गर्छु, उहाँको राज्य झल्काउँछु
उहाँलाई स्तुति दिन्छौं हाम्रो प्राण, आत्मा र हृदयको स्वर खोली
सीधै जान्छौं निशानातिर कनानको भूमीमा ।

२२६.	उहाँको पवित्र डाँडामा हाम्रा परमेश्वरको सहरमा
परमप्रभु महान् र उच्च स्तुतिको योग्य हुनुहुन्छ २

२२७.	उचाल्छु म सधैं तपाई पवित्र नाउँलाई (३)
कारण तपाई मेरो परमेश्वर हुनुहुन्छ ।
धन्यवाद चढाउँछु मेरो सारा हृदयले (३)
कारण तपाईले मलाई प्रेम गर्नुभो
प्रशंसा गरिरहन्छु मेरो अन्तिम साससम्म नै (३)
कारण तपाईले मलाई जीवन दिनुभो ।

२२८.	उचाल्छु येशूको नाउँ, पुकार्छु येशूकै नाउँ
यो नाउँमा शक्ति छ, यो नाउँमा जीवन छ ।
लिनोस् प्रभु, यो मेरो जीवन, दिनोस् मलाई पूर्ण शक्ति
भर्नोस् ममा खुसी-आनन्द, गर्छु सधैं तपाईकै भक्ति ।

२२९.	एउटै बनाउनोस् हामी विश्वासीलाई
एकताको आत्माले भर्नुहोस् हामीलाई, पवित्र आत्मा,
एउटै आत्मा, एउटै विचार, एउटै हृदय
सृजनुहोस् हामीमा, येशू
सृजनुहोस् हामीमा पवित्र आत्मा ।

२३०.	कति होला मूल्य रगतको येशूको ?
कति होला मूल्य येशूको प्रेमको ?
के चुकाउन सक्छौं यो मूल्य तिम्रो सुन र चाँदीले
तिम्रो विद्या र ज्ञानले ?
क्रूसलाई हेरी मुटुमा हात राखी सम्झ न येशूको प्रेमलाई,
सम्झ न येशूको कष्टलाई
आऊ, सबै जातिकहाँ जाऊँ, येशूको नाउँलाई उचालौं,
येशूको प्रेम प्रचारौं ।

कोमल हृदय दिनुहोस् मलाई तपाईको प्रेम अनुभव गर्नलाई
चुर्ण हृदय दिनुहोस् मलाई तपाईको वासस्थान बन्नलाई
तपाईको उपस्थिति, मेरो आनन्दको भरपूरी
तपाईको आनन्द नै मेरो सामर्थ (जय गाउँछु) २ तपाईको ।

कोही छैन तपाई जस्तो परमेश्वर (२)
सागरभन्दा गहिरो छ, हिमालभन्दा उच्च छ (२)
तपाईको विचार, तपाईको विचार ।

ख्रीष्ट येशू, मुक्तिदाता तपाईंझैं कोही छैन,
तपाईको त्यो अलौकिक प्रेमबारे स्तुति गाउँछु म ।
मेरो आशा तपाई, उत्साह, शरण र शक्तिको गढ
मेरो हर स्वास-प्रस्वासले तपाईको स्तुति गरिरहूँ ।
धरती उठ अनि स्तुति गाऊ, शक्ति, ऐश्वर्य प्रभुलाई होस्
पहाड झुक अनि सागर गर्ज, उनको नाउँलाई धन्यको भनी ।
तपाईको आशिषित काम देखेर खुशी भई आनन्दले गाउँछु म
पाइन्न अरुमा येशूको निश्चयता ।

गर उपासना प्रभुको जाति, गर जयजय पवित्र जाति
गर जयजय पवित्र जाति, हल्लेलूयाह पवित्र पिता
पवित्र पिता, पवित्र पिता पवित्र पिता (२) हल्लेलूयाह ।

जबसम्म म बाँच्नेछु उहाँकै भजन गाउनेछु
मेरो जीवन रहुञ्जेल सधैं नै म नाच्नेछु
गाउनेछु, गाउनेछु, नाच्नेछु, नाच्नेछु,
उहाँकै आनन्दमा प्रशंसा गर्नेछु आनन्दमा बाँच्नेछु ।

जब तपाईको सिंहासनतर्फ हेर्छु (४)
म आनन्दले भरपूर बन्छु (२)
जब म मेरो मुकुट त्यहाँ देख्छु,
निश्चय हुन्छु म त्यो पाउनेछु (२)

जसले अचुक प्रेम प्रभुको चाखेका छन्, सबैले भनून्,
(आमेन, प्रशंसा होस्) २
जसले अद्भूत काम प्रभुको देखेका छन्, सबैले भनून्,
आमेन, प्रशंसा होस् २
जसले शैतानमाथि विजय पाएका छन् सबैले भनून्,
आमेन, प्रशंसा होस् २
आमेन प्रशंसा होस् येशूको, आमेन, महिमा होस् येशूको
आमेन जयजयकार होस् येशूको ।

जुन सासले म जिउँछु, उपस्थिति तपाईको मभित्र छ
अनि म तपाईबिना हराउँछु अनि म तपाईबिना छट्पटिन्छु
अनि म तपाईबिना हराउँछु,
जुन भोजनले म जिउँछु, उपस्थिति तपाईको मभित्र छ
अनि म तपाईबिना छट्पटिन्छु  अनि म तपाईबिना हराउँछु ।

जे गर्नुभो मेरो जीवनमा, प्रभु जे गर्नु चाहनुहुन्छ
म जे छु, तपाईको कृपाले नै हो, तपाई नै मेरो आधार, येशू धन्यवाद
यशू धन्यवाद, धन्यवाद प्रभु, हरपल धन्यवाद, धन्यवाद यशू ।
मलई प्रेम गरी मुक्तिदान दिनुभो, आफ्नै प्राण पनि बलि दिनुभायो,
प्रभु धन्यवाद, येशू धन्यवाद, कृतज्ञतासाथ धन्यवाद, धन्यवाद ।

डराउँनेछैन अब केहीसँग, जिउँदो येशू मेरो साथ छन् ।
अघि बढ्नेछु साहसी बनी तपाईको राज्य ल्याउनलाई ।
युद्ध लड्न्छु साहसी बनी झण्डा गाड्नलाई ।

तपाईको उपस्थिति नै यथेष्ट छ (२)
आशिष्लाई होइन तपाईलाई खोज्दछौं (२)
हाम्रो स्तुति, प्रशंसा, आराधनामा प्रभु तपाई नै आउनुहोस्

हाम्रो बिन्ती सुन्नुहोस्, आसन ग्रहण गर्नुहोस् (२)
अब त आउनुहोस् (३) मण्डलीको गौरव (राजालाई) २ पुज्दछौ )

तपाईको नजिक आउछौं हाम्रो कर्मले होइन
केवल तपाईको अनुग्रहले, तपाईको नजिक आउँछौं ।

तपाईको खोला बग्दै छ, म त्यहाँबाट पिउनेछु
मुडुली मृग आएभैं, म उफ्रदै आउनेछु
तपाईको प्रेमले म नयाँ हुँदछु ।

तपाईसँग-सँगै येशू मलाई उठाउनुहोस्,
ख्रीष्ट अनुग्रहको हात उक्लन सकूँ म यो पर्वतमा तपाईसँगैं
(एक दिन) २ यो पर्खाल तोड्नुछ मैले
(एक दिन) २ पानीमाथि हिँड्नुछ मैले
(एक दिन) २ उच्च भूमिमा चढ्नुछ मैले
येशू मलाई छुनुहोस् तपाईको प्रेमिलो हातले
गहिरिन सकूँ म प्रेम सागरमा तपाईसँग-सँगै
व्याकुल छु म वचन देह भएको हेर्न
फुकाई निकाल्नुहोस् मभित्रको नदीलाई बाहिर
जिउन चाहन्छु यर्थाथ येशूको नाउँमा ।

तिमी हौ मेरो गोठाला, तिमी हौ मेरो सहारा (२)
मेरो अघि-अघि मलाई डोर्‍याइहिँडने,
मेरो आँसुलाई पुछी मलाई माया गर्ने (२)
जयजयकार (३) गर्छु येशू तिम्रो जयजयकार
प्रशंसा, प्रशंसा प्रशंसा प्रशंसा गर्छु येशू, तिम्रो प्रशंसा ।

तिम्रो आत्मा सबैमाथि खन्याऊ (२)
तिम्रो स्तुति गाउन देऊ (२)
तिम्रो महिमा हेर्न देऊ (२)
तिम्रो नजिक हुन देऊ (२)

धन्य छौ येशू धन्य छौ येशू धन्य छौ येशू
धन्यवाद चढाउँछौं धन्यवाद चढाउँछौं प्रभु ।

धन्यको भन्छौं प्रभुको नाउँलाई (२)
हामी प्रेम गर्छौं येशूको नाउँलाई (२)
समुद्रको बालुवा, आकाशका ताराभन्दा धेरै तपाईको प्रेम (२)
गाउँछौं हल्लेलूयाह सदा-सदा राजा येशूलाई
गाउँछौ स्तुति-महिमा सदा-सदा राजा येशूलाई ।

धोइ पखली येशू, बनाइदेऊ मलाई तिम्रै पूजारी (२)
चरणमा आउँछु तिम्रो प्रेमको गीत गाउन
हृदय सब पोखाई (आँसु खुशीको बहाई) (२)
गर्न सक्छु र के प्रेमको साटो तिम्रो ?
उपासना चढाउँछु, (चढाउँछु म बलिदान) २

नजिक नजिक येशूको (२)
आएर मात्र होइन, छोएर मात्र होइन (२)
मलाई हृदयमा लुकाऊ, मलाई हृदयमा अटाऊ (३)

न ता बलले न शक्तिले, प्रभु भन्छन् मेरो आत्माले
यो पहाड हटिजानेछ (३), प्रभु भन्छन् मेरो आत्माले ।
यो आँधी थामिनेछ (३) प्रभु भन्छन् मेरो आत्माले ।
यो जुवा भाँचिनेछ (३) प्रभु भन्छन् मेरो आत्माले ।

निराश नहोऊ प्रार्थना गर्नलाई, निरन्तर प्रार्थना गर ।
प्रार्थना सुन्नलाई म जीवित छु, म तिम्रो पुकारलाई सुन्नेछु ।
प्रार्थना गर, उत्तर दिनेछु, गहिरा-गहिरा भेद बताउनेछु ।
नजानेको र नसोचेको प्रकाश म तिमीलाई दिनेछु ।

परमप्रभु राज गर्नुहुन्छ सदा,
सियोनमा सदा विराजमान (२)
उनको राज्यको घोषणा गरौं,
उनको राज्यमा सबै रमाउनेछन् २
इन्साफ र आनन्द र धर्मिकता हुनेछ
उनको राज्यमा सदा (२)

पवित्र परमेश्वरलाई चढाऊँ धन्यवाद सबैले,
केवल उनी सबका सहारा (२)
हरेक जीवनको निम्ति नयाँ आशा लिई
आउनुभयो धर्तीमा सहारा बनी, हल्लेलूयाह ।

पवित्र आत्मा आउनुहोस्, अभिषेक मलाई गर्नुहोस्
शक्तिका आत्मा आउनुहोस्, प्रयोग मलाई गर्नुहोस्
अधर्म पापलाई धोई पखाली (२) (शुद्ध हृदय ममा सृजनुहोस् (२)
पवित्र आत्मा (आउनुहोस्) ४ ममाथि . . . .२

पवित्र तपाई, मेरो निम्ति कलवरी क्रूसमा जानुभो
पवित्र तपाई, मेरो निम्ति दःख सहनुभो
के चढाऊँ प्रभु, यो क्षुद्र जीवनबाट ?
के चढाऊँ प्रभु, यो तुच्छ जीवनबाट ?
सुन र चाँदी छैन, छ एउटा चुर्ण यो हृदय (२)
कृतज्ञताले भरेर पोखिन्छ तपाईको पाउमा ।

पिइसक्ने प्याला पिउनुभो सहिनसक्ने कष्ट भोग्नुभो
तर तपाई महिमित बन्नुभो अनि मलाई प्रेम गर्नुभो
आराधना गर्छु (३) जिउँदो येशू (२)

प्रभुको उपस्थितिमा आनन्द छ गाऔं हल्लेलूयाह, आमेन (२)
नाचौं, खुशी मनाऔं (आनन्दसाथ) प्रभुको अघि नाचौं (२)

प्रभुले मलाई प्रेम गर्नुभो (२)
मेरो पापको लागि क्रूस बोक्नुभो,
प्रभुले मलाई प्रेम गर्नुभो (२)

प्रभु धन्यवाद, प्रभु प्रशंसा,
प्रभु महिमा हामी चढाउँछौं
तपाईको प्रेमको निम्ति,
तपाईको हृदयको निम्ति
गाउनेछौं गीत हामी मिली (हल्लेलूयाह) ३

प्रबल हाम्रो जीवनको छुटकारा दिने, प्रभु
हामी आउँछौं तपाईको चरणमा सेवा गर्दै (२)
घोषणा गर्दछौं विजय प्रभु येशूको (२)
उहाँका हामी चुनिएका सेना हौं (२)

प्रभु तिम्रो निम्ति म गीत गाउँछु,
सारा उत्तम प्रयासले म गीत गाउँछु
तिमी छौ मेरो छेऊ, तिमी छौ मेरो साथ
(मेरो गीतले प्रभु तिमीलाई उचाल्छु) २
यी मेरा शब्द-शब्दमा, सारा उच्चारणहरुमा,
आवाज भएका सङ्गीतमा (२)
जीवन भएर तिमी मभित्र छौ,
जिउने कारण बन्न सिकाएका छौ
तिमी छौ मेरो छेउ, तिमी छौ मेरो साथ,
मेरो गीतले प्रभु, तिमीलाई उचाल्छु।

प्रभुमा नयाँ गीत गाऔं, सबै मानिसले गीत गाऔं (२)
प्रभु महान् छन्, प्रशंसा गर्नुपर्छ।

प्रभुहरुका प्रभु, राजाहरुका राजा, तपाई मात्र योग्य,
स्वर्ग-पृथ्वी सबे गर्छन गाउँछन् तपाईको महिमा।
प्रशंसा पिता र पुत्रलाई पवित्र आत्मालाई प्रशंसा
प्रशंसा महिमाका राजालाई, प्रशंसा अनन्तसम्मलाई
प्रभुको थुमा पवित्र जन, धर्मी अनि क्षमाशील
बिहानको तारा, उदाउने घाम, तपाईकै छैन् अरु।

परमप्रभु राज गर्नुहुन्छ सदा,
सियोनमा सदा विराजमान (२)
उनको राज्यको घोषणा गरौं,
उनको राज्यामा सबै रमाउनेछन् २
इन्साफ र आनन्द र धर्मिकता हुनेछ
उनको राज्यमा सदा (२)

प्रभु जिउँदो पानी दिनुहोस् (३)
मबाट खोला बगेर निस्कोस्, मबाट खोला निस्कियोस्।
तपाईको शक्ति दिनहुँ चाहिन्छ,
तपाईको खोला बगेर निस्कियोस्, तपाईको खोला बगी निस्कोस्
फसल पकेको जस्तो देखिन्छ, हामीले बटुल्ने हो, तपाईको आत्मा हुनु
आवश्यक छ, हाम्रो कचौरा भरेर पोखियोस्, हाम्रो कचौरा पोखियोस्।

प्रेम खोला जस्तो बग्छ, तपाई र मबाट बग्छ
बाँफो ठाउँलाई भिजाउँछ, निर्वाह सबलाई गर्दछ,
शान्ति. . . . . . . . . .आनन्द।

प्रशंसाको योग्य प्रभु, आदर र भक्ति, महिमा योग्य
प्रभुहरुका प्रभु तपाई, राजाहरुका पनि राजा,
तपाई मात्र हाम्रो मुक्तिदाता
यसैले हामी गाउँछौं र भन्छौं हल्लेलूयाह (२)

भय योग्य प्रभु कति महान् (४)
भर्नुहोस् ाई तपाईको भयले
भर्नुहोस् मलाई तपाईको प्रेमले,

तपाईलाई धन्यको भन्छु
तपाईको बाटो म हेर्छु (२)

बढौं, हामी बढौं, एकै ढिक्का भई (२)
विजय हाम्रो येशूमा निश्चय हुनेछ है (२) हो (२)
निकाली सबले एउटै आवाज शैतानलाई डाँटौं है (२)
(त्यो पर) ६ हामीदेखी टाढा नै है (२) येशूको नाउँमा (२)

बासहरुमा हर्ष फैलोस् हाम्रा गल्ली शान्त रहून्,
विश्वासीको प्रार्थनामा, प्रभु अन्याय हटाऊन्
शिखरदेखी फाँटबाट येशूलाई नै प्रशंसा होस्
चारै दिशा देशभरी नै मुक्तिदाताको स्तुति गुञ्जोस्
क्रूसको साथमा हामी हिँड्दा अन्धकारमा ज्योति होस्
परमपिताको महिमा धरतीभरि फैलोस् ।

म बाँचुञ्जेल परमेश्वरको प्रशंसा गाउनेछु (२)
मेरो सासले भ्याएसम्म परमेश्वरको स्तुति सदा गाउनेछु, हल्लेलूयाह (४)
येशूलाई उचालौं हाम्रो माझमा,
पवित्र आत्मा आउनुहोस् महिमा गर्न
पिता, प्रेमले भर्नुहोस् तपाईको हृदयलाई बुझ्न ।

म रमाउनेछु, एउटा नयाँ गीत म गाउनेछु
उहाँको प्रशंसा गाउनेछु, एउटा नयाँ गीत म गाउनेछु
(हल्लेलूयाह) ५

म पोखिन चाहन्छु अर्घ-बलिझैं
हृदय मेरो चढाई छुन चाहन्छु तपाईको हृदय ।
अब सहन सक्दिनँ, दूर रहन धेरै
अँगाल्नुहोस् मलाई, तृप्त बनाउनुहोस् तपाईको प्रेमले ।

म आएँ जीवन दिनलाई, म आएँ जीवन दिनलाई
प्रशस्त, प्रशस्त, प्रशस्त जीवन
प्रशस्त, प्रशस्त, प्रशस्त जीवन ।

महान् प्रभु, तपाई अति महान् हुनुहुन्छ
मारेको मनलाई, हारेको हृदयलाई (माया गर्नुहुन्छ) २
महान् प्रभु, तपाई अति दयालु हुनुहुन्छ
फुटेका मुटुलाई, टुटेको सपनालाई (फेरी जोड्नुहुन्छ) २
महान् प्रभु, तपाई मायालु हुनुहुन्छ
हताश जीवनलाई, निराश आत्मालाई (नयाँ जीवन दिनुहुन्छ) २

महिमा देऊ, आदर उनैलाई, उनी राजाहरुका राजा हुन्
स्वर उचाल, चर्को स्तुतिमा येशू परमेश्वरका पुत्रलाई (२)

महिमा, महिमा, महिमा होस् स्वर्गलोकमा
महिमा होस् सारा संसारमा, महिमा होस् मण्डलीमा
हे येशू, हे येशू, महिमा तपाईलाई ।
प्रशंसा, प्रशंसा, प्रशंसा होस् स्वर्गलोकमा
प्रशंसा होस् सारा संसारमा, प्रशंसा होस् मण्डलीमा
हे येशू, हे येशू, प्रशंसा तपाईलाई ।

महिमा, महिमा, महिमा थुमालाई (२)
कारण उहाँ महिमित र स्तुतियोग्य हुनुहुन्छ
थुमा सिंहासनमा स्तुति गाउँदै यो ओठले भन्नेछ,
थुमा सिंहासनमा ।

महान विश्वासयोग्य (२) बिहान-बिहानै नयाँ दान पाउँछु
तपाईले दिनुभो जति चाहिन्छ महान् विश्वासयोग्य (२)
ईश्वर मेरा ।

ममा भएका जे-जति छन् ती सबै उहाँको
पवित्र नाउँलाई धन्यको भनून् ।

मलाई आफ्नो शरणमा लिनोस्, प्रभु कि तपाईकै हुन सकूँ
मेरो आत्माको सफाइ गर्नोस्, प्रभु तपाईकै सन्मुख ठीक रहूँ
मेरो आत्माको रुवाइ हो, प्रभु मेरो प्रार्थनाको गीत सुन्नुहोस् (२)
येशू, मेरो प्रभु आएर मलाई छुनुहोस् (२) आएर मलाई छुनुहोस्
प्रभु, तपाई टुटेको हृदयको प्रभु, बोझ उठाउनेको सहारा,
मैले बाटाको तपाई ज्योति, मेरो समझको सारा स्रोत ।
प्रभु, तपाई क्षमाको खानी, मेरो प्रार्थनाको गीत सुन्नुहोस् (२)

मलाई तपाईको मुहार देखाउनुहोस् (२)
येशू तपाईको मुहार मलाई देखाउनुहोस (२)
तपाईको सुन्दरतालाई हेर्न (२)
तपाईको मुहारलाई सधैं नियाल्न (२)
येशू, तपाईको मुहार ममा चम्काउनुहोस् (२)

मेरा प्रिय सुन्दर, दस हजारमा एक (२)
उनको शिर निक्खुर सुनको
उनको शरीर नीलमणिले जडेको
उनको सुन्दर मुहार लबानोनजस्तो २
तिम्रो बाटो हेर्छु, प्रेमले व्याकुल छु (२)
मेरो बागमा बतास चलोस्
चारैतिर सवासना फैलियोस् (२)
फल चाखिदेऊ (मेरो बगैंचाको) २

मेरो हृदय स्थिर छ (४) हे परमेश्वर, म गाउँनेछु,
म राग बजाउनेछु, मेरो हृदय स्थिर छ ।
हे मेरो प्राण जाग, वीणा र सारङ्गी जाग (२)
म प्रभातलाई जगाउनेछु (३) मेरो हृदय स्थिर छ ।

मेरो जीवन प्रार्थनामा नै बितोस्
घुँडाहरु सधैं टेकिऊन् तपाईकै निम्ति
मेरो जीवन प्रार्थनामा नै बितोस्,
मेरो आत्माले तपाईलाई नै खोजिरहोस्
(पवित्र तपाई येशू, सिंहासनमा विराजमान प्रभु
चुम्बन गर्छु येशूको पाउलाई सिंहासनअघि घोप्टो पर्दै) २

यहोवेको नाउँलाई उच्च पार्नेछौं
सारा सृष्टिको मालिकलाई उचाल्नेछौं
सदासर्वदा यहोवेको नाउँलाई उच्च पार्नेछौं,
उनको नाउँलाई उच्च,
सारा सृष्टिको मालिकलाई उचाल्नेछौं सदा-सर्वदा ।

यहोवे यीरे, मेरो प्रबन्धक, उहाँको अनुग्रह छ प्रशस्त ।
मेरो प्रभु पूरा गर्छन् खाँचो, महिमाको धनअनुसार उहाँको,
स्वर्गदूतलाई ममाथि खटाउँछन्, यहोवे यीरे गर्छन् वास्ता
मेरो वास्ता, यहोवे यीरे गर्छन् वास्ता ।

यदि मेरो आफ्नै नाउँ दिएको मेर प्रजाले नम्र भएर प्रार्थना गर्छ,
मेरो मुहार खोजी आफ्नो दुष्ट मार्गहरुबाट फर्कन्छ,
तब म स्वर्गबाट तिनीहरुको प्रार्थना सुन्नेछु तिनीहरुको पाप क्षमा गर्नेछु,
तिनीहरुको देशलाई म फेरी अघिजस्तै स्वस्थ्य पार्नेछु
माग त तिमीले पाउनेछौ, खोज त तिमीले भेटाउनेछौ
घच्घचाऊ ढोका उघारिनेछ (२)
फसलको प्रभुलाई प्रार्थना गर, उहाँको फसलमा खेतालाहरु पठाऊन्
रुँदै छर्नेहरुले आनन्दले कटनी गर्नेछन्, रुँदै बिरुवा रोप्नेले
आफ्नो बिटा बोकेर आनन्दसँग घर फर्कनेछ (२)

यदि जाल भए पनि माछा समात्ने थिएँ,
यदि नाउ भए पनि नदी तर्नेथिएँ
तर छैन मसँग केही पनि (२) तिमी मात्र हौ (२)
मैले धेरै सपना सजाएथें, ती सब तोडिसकें
मेरो स्वर्थपूर्ण हृदय यो आज च्यातिदिएँ
तर छैन मसँग केही पनि (२) येशू मात्र हौ (२)

येशू (२) हाम्रो घमण्ड केवल तपाई नै, येशू (२)
केवल तपाई नै
नम्रताको आत्मा दिनुहोस् ।
घमण्ड, अभिमान सबै त्याग्न सिकाउनुहोस्
येशू, येशू, केवल तपाई नै ।

येशू येशू मेरो सारा शरीरले, मेरो सारा प्राणले,
मेरो सारा आत्माले प्रेम गर्छु ।
येशू, येशू मेरो सारा शरीरले, मेरो सारा प्राणले,
मेरो सारा आत्माले आराधना गर्छु (२)

येशू मेरो भोजन जुटाउने येशू मेरो तृष्णा मेटाउने (२)
तपाई प्रभु महान्, तपाई प्रभु महान्
येशू मलाई शान्ति दिने, येशू मलाई आनन्द दिने (२)
येशू मलाई शक्ति दिने, येशू मलाई विजय दिने (२)

येशू येशू, प्रेम गर्दछु, प्रेम र भक्तिको योग्य तपाई,
येशू येशू प्रेम गर्दछु, प्रेम र भक्तिको योग्य तपाई ।

येशू मेरो मुक्तिदाता मेरो हृदयमा आउनुहोस्,
ममा पवित्रात्मा भर्नुहोस्
र त्यो आगोले मलाई अभिषेक गर्नुहोस् (३)
तपाईको म ज्योति बनूँ (२)

येशू सब तपाईलाई
म र मेरा जो जति सब तपाईलाई (२)
योजना, मेरो आकाक्षां
सब चढाउँछु तपाईको हातमा (२)
साँचो छुटकारा तपाईको इच्छामा
हामी रोज्दछौं तपाईको योजना । येशू. . . . . . . .

योग्य ईश्वरको पाठो संसारको उद्धारक,
योग्य, सधैं प्रशंसा गरिन योग्य
येशू तपाई योग्य ईश्वरको पाठो,
संसारको उद्धारक योग्य,
सधैं प्रशंसा गरिन योग्य ।

यो जीवन मेरो होइन, तपाईको रगतले किनेको
यो शरीर मेरो होइन, तपाईको मन्दिर भई अमूल्य बनेको
यो आत्मा मेरो होइन, तपाईको प्राणले किनी अनन्त बनेको
(सहर्ष-२ धन्यवाद चढाउँछु) २
(कृतज्ञ भइ दण्डवत् गर्दछु) २ (हे प्रभु) ३
समर्पण गर्दछु, सर्वस्व तपाईलाई जो तपाईकै हुन् (हे प्रभु) ३

राजाहरुका राजा प्रभुहरुका प्रभु
नाउँ उनको येशू (४) उनी हुन् राजा ।

राजाहरुका राजा हल्लेलूयाह, प्रभुहरुका प्रभु हल्लेलूयाह
हल्लेलूयाह गउँछौं, स्तुति तपाईको, आदर, भक्ति, दण्डवत् गर्छौं २
महिमाका राजालाई आदर, प्रशंसा,
स्वर उचाली जय गाउँछौं, आराधना, गर्दछौं
आराधना, भक्ति चढाउँछौं, सिंहासनमा विराजमान ख्रीष्ट येशू प्रभुलाई (२)

राज गर्छन (२) धन्य होस् प्रभुको नाउँ
हाम्रो प्रभु परमेश्वर सर्वशक्तिमान्, महिमामा राज गर्छन् २

विश्वास गर्छु, पुकार गर्छु, जीवन म अर्पण गर्छु
तिमीमा, केवल तिमीमा, (केवल येशू तिमीमा) २
भरोसा राख्छु, शरण पर्छु, संसारलाई त्यागिदिन्छु
तिमीमा, केवल तिमीमा (केवल येशू तिमीमा) २
सँगै हिँडछु, क्रूसलाई अँगाल्छु मृत्युपारि उदाउँछु
तिमीमा, केवल तिमीमा (केवल येशू तिमीमा) २

सदा-सदा गुञ्जिरहोस्, प्रशंसाका गीत,
ख्रीष्ट येशूको, यी ओठहरुले,
जयजयकार होइरहोस्
सर्वशक्तिमान् परमेश्वरको यी ओठहरुले
(हल्लेलूयाह) ५

स्तुति प्रशंसा आदर, भक्ति, धन्यवाद,
सर्वशक्तिमान् परमेश्वरलाई २
स्तुतिका योग्य प्रभुलाई महिमा होस्
सदा, सारा स्वर्ग र पृथ्वीमा २
पवित्र परमप्रभुलाई प्रशंसा, जयजयकार
राजाहरुका राजालई (२)
आमेन (२) प्रभु (२)

स्तुति गर्नेछु, हे परमेश्वर, आराधना गर्नेछु सधैं
स्तुति गर्नेछु हे परमेश्वर, आफ्नो हात उचाल्दै सधैं ।
मण्डलीमा येशू आत्मामा आराधना गर्नेछु सधैं
मण्डलीमा येशू आत्मामा आराधना गर्नेछु सधैं ।
परिवारमा येशू आत्मामा आराधना गर्नेछु सधैं
परिवारमा येशू आफ्नो हात उचाल्दै सधैं ।

स्वर्गीय शीत मेरो आत्मामा आउनुहोस्
स्वर्गीय शीत ममा आउनुहोस् ।
हे पवित्र आत्मा मलाई कब्जा गर्नुहोस्
स्वर्गीय शीत ममाथि बर्सिनुहोस् ।

सर्वोच्चको परमेश्वरलाई म धन्यको भन्दछु
सेनाहरुको परमप्रभुलाई म पवित्रको भन्दछु
कारण उहाँ मेरो शक्ति र स्तुतिगान,
र उहाँ मेरो उद्धार हुनुभएको छ ।

शैतानको शिविरमा जाऔं
र खोसौं त्यसले जे लगेथ्यो
खुट्टामुनि, खुट्टामुनि, खुट्टामुनि,
शैतान खुट्टामुनि (२)

सारा स्वर्गमा तपाईको नाउँ अति उच्च छ
सारा स्वर्गमा तपाईको नाउँ अति उत्तम छ
हाम्रो स्तुतिले तपाईलाई उचाल्दछन्,
हाम्रो शिरहरु तपाईलाई दण्डवत् गर्दछन् ।
म हुँ, जो म हुँ, म हुँ जो म हुँ (२) हल्लेलूयाह (४)

सम्मान होस् प्रभुको, यो मेरो इच्छा हो,
तपाईको महिमा गाऊँ म हृदयले
सर्वस्वले तपाईको प्रशंसा गर्न पाऊँ,
मेरो आदर-सम्मान येशू तपाई
प्रभु, मेरो यो हृदय-आत्मा तपाईले लिई,
तपाई नै जिउनुहोस् ममा ।
मेरो ढुकढुकी र स्वास जीवनको,
हर पल प्रभुकै भइरहोस्
मेरो प्राण-आत्मा येशू तपाईको,
मेरो प्राण-आत्मा प्रभु तपाईको ।

समर्पण गर्छु म, मेरो यो जीवन
चाहन्छु सदा म तपाईकै भई जिउन २
सम्हाल्नुहोस् मलाई सधैं, बनाउनुहोस् तपाईजस्तै
भर्नुहोस् शक्तिले तपाईकै गर्न सेवा, गवाही भई ।
समर्पण गर्छु म . . . . . . .

सम्भव छ सबै पीरहरु हट्न, सबै रोगहरु हट्न
सबै पहाडहरु हट्न सम्भव छ
नासरतको येशूको नाउँमा, विश्वासको प्रार्थनामा
साँचो मनको प्रायश्चितमा सबै बन्धनहरु हट्न सम्भव छ
त्यसैले जाऔं त्यो क्रूसमा, हाम्रा सबै पीडाहरु उहाँमा राखौं
त्यसैले जाऔं त्यो क्रूसमा, हाम्रा सबै रोगहरु उहाँमा राखौं
त्यसैले जाऔं त्यो क्रूसमा, हाम्रा सबै पीडाहरु उहाँमा राखौं ।

सिकाउनोस् प्रभु, तपाईसाथ हिँड्न
सिकाउनोस् आशा, प्रभु तपाईमा गर्न सिकाउनुहोस्
तपाईको स्पर्शको आनन्दमा तपाईलाई प्रेम गर्ने इच्छा
प्रभु, दिनदिन ममा बढोस्, सिकाउनोस् . . . . . . .

सृष्टिको उत्तम सृष्टिमा मानव तपाईले बनाउनुभो
आफ्नै स्वरुपमा सृजिएर, आफ्नै रगत बगाएर,
हामीलाई बचाउनुभो (२)
धन्यवाद . . . . धन्यवाद (४)

सृष्टिकर्ता परमप्रभु मुक्तिदाता जिउँदो येशू,
सम्मान, महिमा, शक्ति, बल सब तपाईको नै हो ।
प्रशंसा र शान्तिका येशू मात्र योग्य छन्, प्रशंसा होस्
पितालई हल्लेलूयाह महिमा स्वर उचाली
सबले गाऔं, थुमा येशू योग्य छन् ।

सेनाहरुका प्रभु हाम्रा परमेश्वर सारा सृष्टिको प्रभु हाम्रा मालिक
बौरिउठेका येशू हाम्रो शक्ति प्रभुहरुका प्रभु हाम्रो उद्धार
उनी हाम्रो चट्टान, किल्ला, भरोसा (२) हृदय खोली गाउँछौं
जयको ध्वनी, जय राजा येशूलाई, आदर राजा येशूलाई
महिमा राजा येशूलाई, प्रशंसा राजा येशूलाई गौरव राजा येशूलाई

हजारौ-हजारले तपाईलाई खोज्दछन्,
लाखौं-लाखले तपाईको आराधना गर्दछन्
करुबले र सराफले तपाईको सिंहासनअघि
पवित्र, पवित्र, पवित्र भन्दछन्
सनातनदेखी विराजमान हुने परमेश्वर
जो हुनुहुन्थ्यो, जो हुनुहुन्छ जो हुन अउनुहुनेछ ।
तपाईलाई महिमा चढाउँछौं, तपाईलाई प्रशंसा चढाउँछौं,
तपाईको आराधना गाउँछौं
हल्लेलूयाह, एलोहिम, एदोनाई, यहवेरफा, यहवेसामा, आमेन ।

तपाई मेरो बल प्रभु, तपाई मेरो सहायता,
तपाई जसलाई म पुकार्छु,
तपाई मेरो ढाल प्रभु, मेरो जीवन अर्पन्छु
कारण तपाई सर्वेसर्वा मेरो ।

हा. . . .हा. . . .हा. . . . हा. . . .
हेर न माथि आकाशैमा खीष्ट आउने बेला भो
जागी-उठी तयार हुने समयले बतायो ।
छक्क पर्ने बेला छैना झट्पट गर्नुछ (२)
आफ्नो सारा जीवनलाई उहाँमा अर्पिदेऊ (२)
जब प्रभु येशू आउँछन् बादलमा भएर (२)
देख्नेछन् सबले महिमित येशू स्वर्गको बीचैमा (२)
हा. . . .हा. . . .हा. . . . हा. . . .

हा. . . .हा. . . .हा. . . . हा. . . .
अर्पण) ३ गर्छौं प्रभु त्यो जीवन तपाई लाई
पिता पुत्र पवित्र आत्माको होस् सुबढाई २
गाँउ गाँउमा सहर-सहरमा खीष्टको वचन प्रचार गर्दै (२)
एकताको बन्धन कायम गर्न सकौं शन्तिको ध्वनि छर्दै (२)
प्रार्थनाको ध्वनि गुञ्जाउँदै सदैव प्रतिक्षा खीष्टको गर्न सकौं (२)
(आनन्द) ३ को आशा सँगाली परीक्षामा विजयी बनौं (२)

बासहरुमा हर्ष फैलोस् हाम्रा गल्ली शान्त रहुन्
विश्वासीको प्रार्थनामा , प्रभु अन्याय हटाउन्
शिखरदेखि फाँटबाट येशुलाई नै प्रशंसा होस्
चारै दिशा देशभरि नै मुक्तिदाताको स्तुति गुञ्जोस्
क्रुसको साथमा हामी हिँड्दा अन्धकारमा ज्योति होस्
परमपिताको महिमा धरतीभरी फैलोस्

प्रभुमा नयाँ गीत गाऔं, सबै मानिसले गीत गाऔं (२)
प्रभु महान् छन् प्रशंसा गर्नुपर्छ ।

हामी विजयी हुनेछौं (२) येशुको रगतमा , येशुको शक्तिमा
सबै शत्रुमाथि आज हामी विजयी हुनेछौं (२)
येशूको रगतले , येशूको शक्तिले सबै शत्रुमाथि आज
आऔं येशूलाई उचालौं, सबै मिली आऔं येशूको स्तुति गाऔं, सबै मिली ।

हे हाम्रा प्रिय , हे हाम्रा स्वामी, बचाउनुहोस् संसारलाई ।
हे हाम्रा दुलहा, हे हाम्रा प्रभु, बचाउनुहोस् संसारलाई ।
हे मेरा येशु सुन्नुहोस् बिन्ती, हेर्नुहोस् संसारलाई
फसल धेरै पाकि नै सक्यो, याद गर्नुहास् यसैलाई ।
कति खराब छन, कति असल छन् संसारका यी फसल
बनाउनुहोस् है असल हाम्रो मण्डली,
हामी दुई हात जोडी भन्दछौं तपाईलाई ।

**उदेकको प्रेम छ येशूको, उदेकको प्रेम छ येशूको,**
**उदेकको प्रेम छ येशूको, अति उदेकको प्रेम ।**
**अग्लो छ, म पुग्न सक्दिनँ, गहिरो छ म डुब्न सक्दिनँ,**
**चौडा छ, म नाप्न सक्दिनँ, अति उदेकको प्रेम ।**

येशू प्यार गर्छन बालकलाई, संसारका सब बालकलाई
गोरा, काला सबै नै उनको निम्ति छन् प्यारा
येशू प्यार गर्छन् बालकलाई, संसारका सब बालकलाई (२)
धनी, गरीब सबै नै उनको निम्ति छन् प्यारा
येशू प्यार गर्छन् बालकलाई, संसारका सब बालकलाई
येशू प्यार गर्छन् बालकलाई,
ज्ञानी, मूर्ख सबै नै उनको निम्ति छन् प्यारा
अग्ला, पुड्का. . . . मोटा. . . . दुब्ला. . . .

तपाईको आनन्द मेरो बल हो, तपाईको आनन्द मेरो सामर्थ्य २
येशू तपाईको उपस्थितिमा आनन्द छ आनन्द २
यसैले गाउँछु, रमाउँछु, महिमा गर्छु, प्रशंसा गर्छु,
येशूलाई ३

३२८. हरभर नाचौं विश्वासी दुष्टले देख्छ तोरीको फूल
जागीसके मण्डली आत्माको शक्तिमा
दायाँ बायाँ उत्तर दक्षिण अघि पछि पूर्व पश्चिम (२)
बढिरहेछ प्रभुको राज्य विश्वभरमा
हात बाँधी होइन कम्मर कसी बढौं,
नाउँ येशूको लिएर पछि नहटौं,
अघि अघि बढौं, अघि अघि बढौं..........
काला सेता सबै नेपाली, धनी गरीब बीर गोर्खाली (२)

मारेर होइन मरेर जितौं विश्वलाई येशूमा
आफू साँढे होइन, नम्र सैनिक बनौं, नाउँ येशूको लिएर
पछि नहटौं, अघि अघि बढौं
हरभर. . . . . हरभर. . . . . .

३२९.को. (पहाडी भाका, तराईको ताल, सबै मिली येशूको भजन गाऊँ
बेंसीहुँदै देउराली जाऊँ जहीं जाऊँ येशूको भजन गऊँ) (२)
ल. . . (५) हो. . . (३) आहा हा (२)
१. उकाली हेर झरना हेर, जही जाऊँ येशूको गुण गाऊँ (२)
वनको फूल उपवन हेर, सृष्टिकर्ताको भजन मिली गाऊँ (२)
ए हे हे (२)
२. तिम्रो मेरो मनमा हलचल, शान्तिका राजा येशूलाई प्रणाम (२)
बलिदान उनको मोचन हाम्रो, उद्धारकर्ता येशूलाई प्रणाम (२)
ए हे हे (२)
शान्तिका राजा येशूलाई प्रणाम उद्धारकर्ता येशूलाई प्रणाम ।

३३०. म तपाईको स्तुति गउँछु
स्तुति गाउँछु हे परमेश्वर
कारण तपाईको नाउँ अति महान् छ
म तपाईको नाउँको स्तुति गाउँछु
स्तुति गाउँछु हे परमेश्वर
तपाईको स्तुति महानतामा गरिनुपर्छ ।

३३१. मेरो ओठले तपाईको प्रशंसा गरुन
कारण तपाईले आफ्ना नियमहरु मलाई सिकाउनुहुन्छ
मेरो जिब्रोले तपाईको भजन तपाईको गाऊन
कारण तपाईका आज्ञाहरु धार्मिक छन्
मेरो जिब्रोले तपाईका भजन गाऊन
कारण तपाईका आज्ञा धार्मिक छन् ।

३३२. जसै तिम्रो आराधना गर्छु
तिम्रै महिमित मुहारलाई हेर्छु
तिम्रो उपस्थिति भित्र जब पस्छु
तिम्रो प्रेमको अनुभव गर्छु
लागेका चोट घात हृदयको निको हुन्छ
आत्मा शरीरको रोग निको हुन्छ ।

३३३. महान प्रभुलाई महिमा, परमप्रभुलाई प्रशंसा
यो मेरो जीवनको चाहना
हल्लेलूयाह होसन्ना, हल्लेलूयाह होसन्ना
वर्तमान मेरो तपाईको हातमा
भविष्य पनि तपाईको साथमा
आनन्दित छु, शान्तिमा छु प्रभुहरुका प्रभुमा -२
सर्वाङ्ग मेरो येशूको हातमा
अर्पण गर्छु धन्यवाद साथमा
निश्चिन्त छु, निर्धक्क छु, राजाहरुका राजामा -२

३३४. स्वर्ग र पृथ्वी सृजने प्रभु
राजाहरुका पनि तपाई राजा
प्रभुहरुका पनि तपाई प्रभु -२
हरेक जिब्रोले तपाईलाई प्रभु

हुन भनी स्वीकार गर्नेछन्
हरेक प्राणीले तपाईको अघि घुँडा टेक्नेछन् -२

३३५. येशू बोलाउँदैछन् -२ तिम्रो नाउँ लिएर
तिमीलाई येशू बोलाउँदैछन्
के पाउँछौ तिमी, जितेर यो दुनियाँलाई
के लाभ हुन्छ तिमी, हराएर आत्मालाई -२
तिमी आऊ येशूको चरणमा तिमीलाई येशू बोलाउँदैछन् -२
येशू बोलाउँदैछन् . . . . . . . .
चोर आउँछ चोरी गर्न घात र हत्या गर्दै
येशू आए जीवन दिन प्रशस्तको जीवन दिन -२
तिमी आऊ येशूको चरणमा तिमीलाई येशू बोलाउँदैछन् -२
येशू बोलाउँदैछन् . . . . . . . .

३३६. प्रभु तिम्रो प्रेम सागर भन्दा छ गहिरो
तिमी महान् आकाशभन्दा उच्च
तिम्रो विचार सागरको बालुवासरि
तिम्रो हृदय सृष्टि भन्दा छ महान् -२
प्रभु म तिमीलाई प्रेम गर्छु -२
तिम्रो आराधना म गर्छु आराधना
प्रभु तिमी नै हौ महान् तिमी हौ महान्
केवल तिमी अरु कोही छैन -२
प्रभु तिम्रो प्रेम . . . . . .

३३७. पवित्र आत्मा आऊ -२ मलाई लैजाउ येशूको चरणमा
पवित्र आत्मा आऊ
केवल तिम्रै लागि येशू तिम्रै लागि -३ म हात उठाउँदछु
घुँडा टेकाउँदै शिर झुकाउँदै, हात उचाल्छु तिम्रै लागि -२
केवल तिम्रै लागि येशू तिम्रै लागि -३
पवित्र आत्मा आऊ
केवल तिम्रै लागि येशू तिम्रै -३ म शिर झुकाउँदछु
येशू नै बाटो हो येशू नै सत्य हो, येशू नै जीवन हो,
येशू मेरो प्रभु -२
पवित्र आत्मा आऊ . . . . . . .

३३८. योग्य, योग्य, योग्य तपाई थुमा
पवित्र, पवित्र, पवित्र तपाई प्रभु
ईम्मानुएल, ईम्मानुएल, इम्मानुएल परमेश्वर ।

३३९. पवित्र आत्मा झरी आऊ -२
रुखो मेरो जीवन भिजाउन
सुखो मण्डली जगाउन -२
पवित्र आत्मा झरी आऊ -२
पाप र घमण्डलाई तोड्न झरी आऊ
कठोर हृदयलाई जोड्न -२
पवित्र आत्मा झरी आऊ. . . .
पापलाई अमलेख गर्न झरी आऊ
शैतानको बन्धन तोड्न
छुट्कारा र चँगाई दिन -२
पवित्र आत्मा झरी आऊ

३४०. नजिक, नजिक येशूको
आएर मात्र होइन
छोएर मात्र होइन
मलाई हृदयमा लुकाऊ
मलाई हृदयमा अटाऊ, येशूको ।

३४१. आज खुशी छु म -२,
गाउँछु म २ येशूको लागि खुशी छु म
उहाँले मेरो पापलाई धुनु भयो यसकारण गाउँछु म
उफ्रन्छु . . . . .
नाँच्छु . . . . . .
दौडन्छु. . . . . .

३४२. पवित्र आत्मा आउनुहोस् हामीमा
शक्तिको आत्मा आउनुहोस् हामीमा
हृदयको द्वार खोली बोलाउँछौं तपाईलाई ।

३४३. म तपाईको नाउँको स्तुति गाउँछु
स्तुति गाउँछु हे परमेश्वर
कारण तपाईको नाउँ अति महान् छ
म तपाईको नाउँको स्तुति गाउँछु
स्तुति गाउँछु हे परमेश्वर
तपाईको स्तुति महानतामा गरिनुपर्छ ।

३४४. हे हाम्रा स्वर्गमा बस्नुहुने पिता,
तपाईको नाउँ पवित्र गरियोस्
तपाईको राज्य आओस्,
तपाईको इच्छा स्वर्गमा झै यस पृथ्वीमा पूरा होस्
हाम्रो दिनभरीको रोटी आज हामीलाई दिनुहोस्
अनि हाम्रो अपराध क्षमा गर्नुहोस्
जसरी हामीले पनि आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं
हामीलाई परीक्षामा नल्याउनुहोस् गर दुष्टबाट बचाउँनुहोस् ।
किनभने राज्य र पराक्रम र महिमा सदा सर्वदा तपाईकै हुन्
आमेन ह -३

३४५. मन यो मान्दैन हो राजै मन यो मान्दैन
येशूको निम्ति नगाएसम्म मन यो मान्दैन
दिल यो मान्दैन हो राजै दिल यो मान्दैन
येशूको निम्ति ननाँचेसम्म दिल यो मान्दैन -२
गाउँ है राजै दिलै खोली
नाँची देऊ कम्मर कसी -२
छैन यो मौका अरु कसैलाई मात्र हामीलाई -२
शान्ति नै छैन यो मनलाई शान्ति नै छैन
येशूको निम्ति नगाएसम्म शान्ति नै छैन
आरामै छैन हो मलाई आरामै छैन
येशूको निम्ति ननाँचेसम्म आरामै छैन -२
गाउँ है च्याङ्वा ताली बजाई
स्वरमा स्वर मिलाई -२
छैन यो मौका अरु कसैलाई मात्र हामीलाई -२
मन यो मान्दैन . . . . . . . . . . . .

३४६. हामीहरु संसारका ज्योति हौं
ज्योति झै चम्कदै हिडौं
हामीहरु संसारका ज्योति हौं
ज्योति झै चम्कदै चम्कदै हिडौं -२
हामीहरु संसारका नुन हौं
नुन झै स्वादिलो बनौं
हामीहरु संसारका नुन हौं
नुन झै स्वादिलो, स्वादिलो बनौं -२
हामीहरु, हामीहरु स्वादिलो, स्वादिलो बनौं -२

३४७. हे मेरा परमेश्वर महाराजा
तपाईको प्रशंसा म गर्नेछु -३
तपाईको नाउँलाई उदा धन्यको भन्नेछु -३
प्रतिदिन तपाईलाई धन्यको भन्नेछु
तपाईको नाउँलाई स्तुति सदा गर्नेछु -३
तपाईलाई दण्डवत् सदा गर्नेछु -३
परमप्रभु महान् र स्तुतिको योग्य हुनुहुन्छ
(भजन संग्रह १४५: १-३)

३४८. तपाई मेरो शरण मेरो बलियो किल्ला
खाँचोमा मेरो साथी मेरो प्रभु
सारा हृदयले खोज्छु तपाईलाई
सारा जीवनले खोज्छु तपाईलाई
तनमन धनले सेवा गर्छु
म यहाँ छु, म यहाँ छु प्रभु
तपाई मुक्तिदाता, मेरो चँगाईकर्ता
खाँचोमा मेरो शक्ति मेरो प्रभु
सारा हृदयले. . . . . .
तपाई मेरो गोठालो, मेरो शक्ति र बल
तपाई मेरो आश्रय मेरो प्रभु
सारा हृदयले . . . . . . . ।

३४९. पवित्र आत्मा मलाई भिजाउनुहोस्
तपाईको झरीले -२
भिज्न चाहन्छु म तपाईको झरीमा -२
पवित्र आत्मा मलाई खार्नुहोस्
तपाईको आगोले -२
खारिन चाहन्छु म तपाईको आगोमा -२

३५०. तपाई मेरो परमेश्वर सधैं राज्य गर्नुहुन्छ -२
शैतानको शिर कुच्याई तपाईको जय भएको छ
मेरो सारा बलले यो घोषणा गर्ने छ -२
मेरो उद्धारक जीवित हुनुहुन्छ ।

३५१. तृष्णा देऊ मलाई पवित्र आत्माको पिउनेछु आत्मालाई
मरुभूमिमा पानी खोज्ने यात्री झै -२
गहिरोले गहिरोलाई खोज्दछ
तृषितले आएर पिउँदछ
भोकोले आएर खाँदछ
मेरो चाहना, मेरो तृष्णा येशू हो

मेरो भरोसा, मेरो इच्छा येशू हो
तृष्णा . . . . .. .

३५२. परमप्रभु मेरो गोठालो हुन्
मलाई केहीको खाँचो छैन ।
उहाँले मेरा पाइलाहरुलाई चिप्लन दिन हुन्न
सुख चैनको पानी छेउ डोऱ्याउनहुन्छ -२
परमप्रभु मेरो गोठालो हुन्
मलाई केहीको खाँचो छैन ।
उहाँले मेरो शीरलाई तेलले अभिषेक गर्नुहुन्छ
मेरो कचौरा भरेर पोखिदछ -२
परमप्रभु मेरो गोठालो हुन्
मलाई केहीको खाँचो छैन ।

३५३. परमप्रभुको दृढ प्रेम कहिल्यै थामिदैन
उहाँको कृपाको अन्त कहिल्यै हुँदैन -२
हरेक बिहान ती नयाँ नयाँ हुन्छन्
तपाईको विश्वास्तता महान छ -२

३५४. तपाई मेरो सहारा
जसले मलाई रक्षा गर्नुहुन्छ
तपाई मेरो गोठाला
जसले मलाई डोऱ्याउनुहुन्छ
तपाई मेरो पिता
जसले मलाई प्रेम गर्नुहुन्छ
जसले मलाई अँगाल्नुहुन्छ ।

३५५. होसन्ना, होसन्ना तपाई प्रभुलाई
प्रशंसा, प्रशंसा तपाई प्रभुलाई -२
महिमा आदर उनै थुमालाई
जयजयकार ।

३५६. मेरो ओठलाई छुनुहोस्
ताकि तपाईको प्रशंसा गर्न सकूँ
मेरा आँखालाई खोल्नुहोस्
ताकि तपाईको आश्चर्य काम देख्न सकूँ
मेरा पाउलाई छुनुहोस्
ताकि तपाईको मार्गमा हिड्न सकूँ
मेरा हातलाई छुनुहोस्
ताकि तपाईको सेवा गर्न सकूँ ।

३५७. येशूको माया छ भने
उद्धार चाखेका छौ भने
खोली देउन हृदय माइथेवा
आराधनामा (२)
क) कमजोरले आराधना गर्नेछ
येशूको आनन्द पाउनेछ
येशूको आनन्दनै हाम्रो समार्थ
हामी बलियो हौं
ख) दुःखी मन हाँस्नेछ
कैदी सबै नाँच्नेछन

येशूको राज्यको अन्त छैन हैं
हामी रमाऔं हैं ।

३५८. हृदय मेरो शुद्ध गर्नुहोस्
नजिक हुन चाहन्छु
भित्र आत्मामा आउनुहोस्
हिड्न चाहन्छु तपाईको साथ
जसै तपाई म भित्र आउनुहुन्छ
नयाँ नयाँ दाखमद्य पियाउनुहोस्
विचार मेरो शुद्ध गर्नुहोस्
सधैं आनन्द गर्नुचाहन्छु
भित्र आत्मालाई छुनुहोस्
सुन्न चाहन्छु तपाईको स्वर
जसै तपाई म भित्र आउनुहुन्छ
नयाँ नयाँ दाखमद्य पियाउनुहोस् ।

३५९. बेबिलोनको नदीहरुमा
किनारामा बसेर सियोनलाई सम्झदै, हामी रोयौं
जब हामीलाई कैद गरेर लगे
हामीबाट गीत सुन्ने इच्छा गरे
हामी कसरी गाऔं गीत बिरानो देशमा
हाम्रा मुखका केही शब्द
अनि हाम्रो मनको ध्यान
परमेश्वरको इच्छा पुराहोस्

३६०. स्वर्गीय पिता पवित्र आत्माले
सुखी पहाडलाई, भिजाउनोस् झरीले
पहाड तराई हिमाल चुचुरी
पहाड, पर्वत, उकाली, ओराली दिनोस् झरी
भञ्ज्याङ र देउराली
राख्नु भएको त्यो अन्तिम झरी
आ है झरी आऊ
आ है हल्लेलूयाह
राख्नु भएको त्यो अन्तिम झरी ।

३६१. एक दिन हुनेछ उनको नै सवारी
तुरहीको आवाजसँगै सेतो बादलमा
परि आउने छन् मलाई नै लिन
स्वर्गदूत र दुतगणको साथमा -२
यसै आशामा नौलो उत्साहमा
म त गाउँछु हल्लेलूयाह -२
(म त भन्छु हल्लेलूयाह)
हल्लेलूयाह -८

३६२. हरियो खर्कमा मलाई चराउनुभो
मेरो आँखाको आँसु पुछनु भो
हे येशू तपाई मेरो पहिलो प्रेम -२
संसारको पानीले मेटिदैंन मेरो तिर्सना -२
हे येशू मलाई तपाई चाहिन्छ -३
ल ल ल ल ल ल ल -४
पराईलाई आफ्नो ठान्नुभो प्रेम हिनलाई प्रेम गर्नुभो

हे येशू तपाई मेरो पहिलो प्रेम -२
संसारको पानीले मेटिदैंन मेरो तिर्सना -२
हे येशू मलाई येशू चाहिन्छ -३
ल ल ल ल ल ल ल ल -४

३६३. म हुँ तपाईको औ तपाई मेरो -२
संसारमा अरु केही थोक चाहिदैन -२
उहाँको काखमा लुटु र पुटु -२
गरेर बिताउँछु
जीवनको पानी पिएर त्यसै तिर्सना मेटाउँछ -२

३६४. मेरो आत्मा तिर्खाउँदछ परमप्रभुलाई खोजिरहन्छ
स्वर उचाल्दै विभिन्न रागमा परमप्रभुलाई आराधना गर्छु
सिमसिम पानी झै आशिषको झरी बर्षिरहेको थाहा गर्छु म
आँखाहरु माथि उठाउँछु भित्र आत्मामा आनन्द थाहा गर्छु
आँखा भरि हर्षको आँसु बगिरहेको अनुभव गर्छु
अचानक बादल भित्रको ज्योतिमा मेरो आत्मा उचालिन्छ
सुस्केरामा मुटु आवाजमा मेरो आत्मालाई भन्नुहुन्छ
खोज मलाई खोज, हृदयबाट खोज
संसारतिर होइन, माथि माथि हेर
पाउँनेछौ आत्माको दान . . . .
खोज मलाई खोज, अझ बढी खोज
तलतिर होइन माथि माथि हेर
बुझ्नेछौ आत्माको काम . . . . .

३६५. उचालिनुहोस् मेरो जीवनमा -२
खन्याउनोस् तपाईको आत्मा
देखाउनुहोस् तपाईको महिमा -२
मेरो हात फैलाई गुहार्छु तपाईलाई
जागृति पठाउनोस् प्रभु -२
आउनुहोस आफ्नो शक्तिमा -२
मलाई निको पार्न मलाई जागृत गराउन -२

३६६. तपाईको मुहार ममाथि चम्काउनुहोस्
तपाईको सुन्दरताले मेरो जीवन ढाक्नुहोस् (२)
तपाईको रुपमा बदली हुन चाहन्छु (२)
तपाई जस्तै मलाई बनाउनुहोस् तपाईको. . . .

३६७. ह.........ह......हल्लेलूयाह (४)
मनले पूज्छु तपाईलाई
हृदयले खोज्छु तपाईलाई (२)
आत्माले आराधना प्राणले प्रशंसा
गर्दछु केवल तपाईको (२)
ह........ह......हल्लेलूयाह (४)
उच्चमा तपाई उच्च
पवित्रमा तपाई पवित्र (२)
सत्य र सिद्ध जिउँदो परमेश्वर (२)
तपाई नै हाम्रो सहारा (२)
ह........ह.........हल्लेलूयाह (४)

३६८. छुटकाराको गीत गाऔं है
प्रभु येशू कहाँ जाऔं है (२)
रोगहरु निको पार्ने येशू
भूतहरु धपाउने येशू
रोगहरु निको पर्ने
भूतहरु धपाउने येशू (२)

३६९. प्रभु म आउँछु तपाईको नजिकतामा
बाध्नुहोस् मलाई तपाईको अँगालोमा (२)
प्रभु म आउँछु तपाईको नजिकतामा
प्रशंसा गर्दै, धन्यवाद भन्दै
आराधना गर्दै, दण्डवत् गर्दै (२)
प्रभु म आउँछु तपाईको नजिकतामा
डुबाउनुहोस् मलाई तपाईको त्यो प्रेममा
डुब्न चाहन्छु म त्यो प्रेममा
लुक्न चाहन्छु म अँगालोमा (२)

३७०. आराधना गर्छु म प्रभु तपाईलाई (२)
दण्डवत् गर्छु म प्रभु तपाईलाई (२)
प्रेम गर्छु म प्रभु तपाईलाई (२)
सारा आदर, सारा महिमा तपाई प्रभुलाई (२)
हल्लेलूयाह (२)

३७१. तपाई येशू, महान येशू, विजयी येशू
तपाई प्रभु, छुट्कारा दिने प्रभु
एउटै मात्र जीवित प्रभु (२)
होसन्ना (३) तपाईलाई
प्रशंसा (३) तपाईलाई
हहिमा (३) तपाईलाई
जयजयकार (३) तपाईलाई

३७२. आराधना गर्छु मेरो जीवन भरी (२)
हात उचाल्दै तपाईको स्तुति गाउँछु (२)
तपाईको नाउँ धन्यको भन्दछु
हृदय प्राण समेत म गाउँदछु
येशू आराधना गर्छु (३)
मेरो ईश्वर र मेरो राजा

३७३. तपाई येशू मेरो प्रभु, मेरो राजा तपाई नै
अर्पण गर्छु मेरो जीवन तपाई, प्रभुलाई (२)
आउनुहोस्, छुनुहोस्, हे आत्मा हामीलाई (मलाई)
आउनुहोस् छुनुहोस्, बदल्नुहोस् हामीलाई (मलाई)
बनाउनुहोस्, तपाई जस्तै है आत्मा हामीलाई (मलाई)

३७४. पवित्र परमेश्वरको प्रशंसा होस्
यो मनले सधैं उनको नै आराधना गरोस्
येशू तपाई महान् (मेरो) येशू
येशू तपाई विजयी (मेरो) येशू (२)
जिउँदो अनि शक्तिमान सबका जीवित येशू (२)

३७५.	प्रशंसा तपाईलाई प्रशंसा
महिमा तपाईलाई महिमा (२)
स्वर उचाल्दै तपाईको प्रशंसा गर्छौं
हात उचाल्दै तपाईको स्तुति गर्छौं (२)
जयजयकार तपाईलाई जयजयकार (२)

३७६.	परमप्रभुको प्रतीक्षा गर
बलियो होऊ
र तिम्रो हृदय साहसिलो होस् (२)
हे परमप्रभु, मेरो चट्टान,
म तपाईलाई पुकार्दछु (२)

३७७.	परमप्रभु, पुस्तौंदेखि पुस्तौसम्म
तपाई हाम्रो वासस्थान हुनु भएछ (२)
आदिदेखि अनन्तसम्म तपाईनै,
परमेश्वर हुनुहुन्छ (२)

३७८.	प्रशंसा तपाईलाई,
महिमा र शक्ति तपाईलाई (२)
सर्वशक्तिमान परमप्रभु उहाँनै
महिमाका महाराजा तपाई नै हुनुहुन्छ।

३७९.	हे मेरा शक्ति, म तपाईको स्तुति गाउँनेछु
हे परमेश्वर, तपाई मेरो किल्ला र ढाल,
मेरा प्रेमी परमेश्वर तपाई नै, तपाई नै।

३८०.	तपाईको नाउँ धन्यको नाउँ
तपाईको नाउँ पवित्र नाउँ
तपाईको नाउँ महिमित नाउँ
तपाईको नाउँ जीवित नाउँ
तपाईको नाउँमा छुटकारा छ, चंगाइ छ
तपाईको नाउँमा उद्धार छ, मुक्ति छ
तपाईको नाउँमा विजयी छ जीवन छ

३८०.	तपाई मेरो शरणस्थान मेरो किल्ला हुनुहुन्छ
मेरो परमेश्वर जसमा म भरोसा राख्दछु
तपाईको पखेटामुनि म शरण लिनेछु (२)
तपाई मेरो शक्ति हुनुहुन्छ
जसमा म सबथोक गर्न सक्छु (२)

३८२.	उठ अनि गाऔ सियोनकाहरु सन्तान हो
प्रभुले छुटकारा दिए (२)
हृदयलाई खोल र आनन्द मनाऊ (३)
राजा प्रभु हुन्।

३८३	तपाईको प्रजा हामी तपाईमा चढाउँछौ
एकै मनका भइ हाम्रो हात उचाली
तपाईलाई चढाउँछौं एकै मनका भइ
येशू राजा राज गर्नुहुन्छ सदा सदा
हाम्रो जीवनमा, देशमा, संसारमा (२)

३८४.	धन्यहोस् तपाईको नाउँ
धन्यहोस् तपाईको नाउँ (२)
तपाई हाम्रो चट्टान हाम्रो प्रभु (२)

३८५.	हे सबै मेहनत गर्ने र बोझले दबिएका हो
सबै जातिका सबै भाषाका मानिसहरु हो
प्रभु येशू ख्रीष्ट भन्छन् सबैलाई म कहाँ आओ
म तिमीहरुलाई विश्राम दिनेछु (२)
तिम्रा सबै हृदयका पीरहरु उहाँमा राखीदेऊ
तिम्रा सबै हृदयका चोटहरु उहाँमा बिसाइदऊ
ती सबै पीरहरु उहाँमा निको हुनेछ
ती सबै चोटहरु उहाँमा निको हुनेछ ।

**नाच्नेछु गाउनेछु**

**मेरो येशूको लागि**

**केहीले रोक्ने छैन**

**मेरो प्राणको जोश**

**म अझै यो भन्दा पागल बन्नेछु**

**कोही भन्छन् यो मुर्खता हो**

**तर म अझै यो भन्दा पागल बन्ने छु ।**

**नाच्नेछु गाउनेछु** ......................

तैले परमप्रभु आफ्ना परमेश्वरलाई
तेरो सारा ह्रदयले
तेरो सारा प्राणले प्रेम गर
तेरो सारा समझले तेरो सारा शक्तिले
प्रेम गर, प्रेम गर, प्रेम गर, प्रेम गर

तल सम्म होईन घुडा सम्म होईन कम्मर सम्म होईन
चुर्लुम्मै डुब्न चाहन्छु येशूको प्रेमको सागरमा
भ''गेरीझै होईन जुरेलीझै होईन -२
चिलझैं म उड्न चाहन्छु येशूको प्रेमको आकाशमा

त्यो मानिस धन्य हो
जसको भरोसा परमप्रभुमा छ
खोलाको किनारमा रोपेको रुख
जस्तै उसको जीवन हुन्छ
त्यो मानिस कहिल्यै डग्दैन -२

खडेरी पर्दा पनि ऊ डराउँदैन
आँखामा आँशु आए नि निरास हुँदैन
कारण उसको भरोसा प्रभुमा छ
उसको आशा येशूमा छ

उसको शिर झुक्नेछैन
त्यो मानिस कहिल्यै डग्दैन -२

येशूको नाउलाई उचालौं येशूको नाउलाई अल्गाऔं
हाम्रो सारा जीवनले उहांको महिमा गाऔं
उहा‘‘नै हाम्रो जीवन उहा‘‘नै हाम्रो राजा
उहा‘‘नै हाम्रो परमेश्वर -२

हरेक विहानी देख्छौं उहा‘‘को करुणा
यसैले गाउ‘‘छौं हरपल प्रभुको महिमा -२
उहा‘‘नै हाम्रो चटान उहा‘‘नै हाम्रो लुक्ने ठाउ‘‘
उहा‘‘नै हाम्रो भरोसा -२

**येशुको नाम छ सारा संसारमा सबैलाई गर्न उद्धार**
१. दुनिया‘‘मा आई, क्रुसैमा चढि देखाए आफ्नो प्यार
आत्मा बचाउनु शान्ति दिन येशु भए बलिदान ।
२. स्वर्गको मुनि, मान्छेको बिचमा कुनै अरु नामै छैन
येशू नाम मात्र, सबै दुनिया‘‘मा पापीलाई गर्न उद्धार ।

**आशिष र आदर महिमा र सामर्थ्य**
**दिनको प्रचिनको निम्ति**
**सबै राष्ट्रदेखि सबै सृष्टिहरुले**
**ढोग्दछन् तपाईको अघि**
**को. जगतको हरेक जिब्रोले गर्छन महिमा उनको**
**हर घुँडा टेकिनेछ आराधना गर्न**
**नाउँ तपाई उठाइनेछ र हुनेछ**
**राज्य सदा तपाईको, प्राचिनको प्रभु**
**संसार भरि रहन्छ तपाईको नाउँ** (२)
**गाउँ प्राचिनको प्रभुलाई**
**को उभिन सक्छ तपाईको अघि** (२)
**गाउँ प्राचिनको प्रभुलाई**
**को. जगतको हरेक**. . . . . . .
**हर घुँडा**. . . . . . . . . .

**को. जवानी तिम्रो हेलित नबनोस्**
**तिम्रै व्यवहारले बन उदाहरण**
**संसार बिच तिम्रै बलिदानले -२**

येशूमा विश्वास येशूको प्रेम येशूको आचरणले -२
रा‘‘को तिम्रो जवानीलाई बनाऊ उदाहरणले -२

ख्रीष्टलाई अंगाली जवान हो उदाहरण बन्नु छ
ख्रीष्टको आदर्श चरित्र अहिले संसारले दिएको पापको रसिलो फल नखाऊ
सुन्दर मूल्य जवानीलाई पवित्र बनाऊ

पापको खाण्डलमा परेका थियौ
ख्रीष्टले बचाउनु भो
सांसारिक बजारमा बेचिएका थियौं

ख्रीष्टले उकास्नु भो
झुठो अपवादले फेरि बा“धिएथ्यौ धन्य महान ईश्वरको अनुग्रहले बन्धन मुक्त छौं

अंगालोमा बा“धी राख्न प्रभु तिमीलाई चाहन्छन्
तिम्रा दोषहरु मेटाउन धेरै धेरै चाहन्छन् ।
(फर्क फेरी अंगालोमा सुन्दर जीवन जीउनलाई) २
अंगालोमा बा“धी राख्न ..........

डुबी जाने घाम सारा यो जीवन किन किन लत्याईरहेछ २
दोबाटोमा पर्खी प्रभु तिमीलाई बोलाउ“छन् २
अंगालोमा बा“धी राख्न ..........

सुख खोजेर प्रभु भुलेर कहा“ कता हराईरहेछ २
फर्क फेरी अंगालोमा तिमीलाई बोलाउ“छन् २
अंगालोमा बा“धी राख्न .................

येशूले शैतानलाई क्रुसमा हराएकोछ, हारेको शैतान मेरो पैतलामुनी छ -२
ला ला ला ला मेरो येशू विजयी छ ।
हो हो हो हो मेरो येशू विजयी छ ।
हे हे हे हे मेरो येशू विजयी छ ।
ना ना ना ना मेरो येशू विजयी छ ।
उच्च धेरै उच्च येशूको ना“ऊ छ, येशूले आफ्नो हातमा मलाई सम्हाल्दछ,
ला ला ला ला मेरो येशू विजयी छ ।
हो हो हो हो मेरो येशू विजयी छ ।
हे हे हे हे मेरो येशू विजयी छ ।
ना ना ना ना मेरो येशू विजयी छ ।
मुनी धेरै मुनी शैतानको ना“ऊ छ, येशूको ना“ऊमा त्यसलाई मेरो खुट्टाले हिर्काउछु,
ला ला . . . . . . . . . . . . . . . . . .

हल्लेलूयाह - ४
प्रशंसा, महिमा
धन्यवाद येशू

जसको घरमा येशू छ (कति आनन्द छ ) २
कति आनन्द छ
जसको घरमा येशू छ (कति शान्ति छ । )२
कति शान्ति छ ।

दुध बग्ने देशमा जाने हो, मह बग्ने देशमा जाने हो,
प्रतिज्ञाको देशमा जाने हो, हाम्रो स्वर्गीय स्थानमा ।
कलवरीको कथा बिर्सी कहाँ जाने यात्री हो,
गाईगोठको प्रभु बिर्सी स्वार्थी बन्ने साथी हो,
प्रभु येशू मुक्तिदाता, जीवन दिने पानीलाई
क्षमा मागी अघि बढौं, जीवनको प्रभुलाई ।
बाटो सत्य, जीवनलाई फेरि आउने राजालाई
संसारको न्यायकर्ता येशू हाम्रो प्रभुलाई
नलुकाऊ है तिम्रो पाप खोलिदेऊ है जीवनलाई, ईमानदार, आज्ञाकारी बनाइदेऊ है जीवनलाई

भेला भएकाछौं येशू नाउँमा सुसमाचार घोषण गर्नुछ
पाप र मृत्युमा विजयी येशू राज गर्छन्

अब सबै बाँच्न सक्छन्
आमिन् हल्लेल्यूयाह २
गाउँछौं प्रभुलाई धन्यवाद देऊ
आमिन् हल्लेल्यूयाह २
प्रभु भलो छन् उहाँको प्रेम सदा रहन्छ
आमिन् हल्लेल्यूयाह २

धन्यवाद दिन्छु प्रभुलाई सारा मानिसहरु बिचमा
गाउँनेछु स्तुति तिम्रो सारा राष्ट्रहरुमा
तिम्रो दृढ प्रेम छ महान
स्वर्गसम्म छ त्यो महान
तिम्रो विश्वसता, तिम्रो विश्वसता
आकाश सम्मै
उच्च पार्छु हे प्रभु स्वर्ग भन्दा माथि
तिम्रो महिमाले भरोस् सारा संसार

मेरो ओठले तपाईको प्रशंसा गरुनँ
कारण तपाईले आफ्ना नियमहरु
मलाई सिकाउनु हुन्छ ।
मेरो जिब्रोले तपाईको भजन गाऊनँ
कारण तपाईका आज्ञाहरु धार्मिक छन्
तपाईका आज्ञा धार्मिक छन्

जहाँ मलाई लानु हुन्छ, त्यही जान तयार छु म
जे मलाई भन्नु हुन्छ, त्यही गर्न राजी छु म
तपाईको सामुन्ने हाजीर छु म २ह
प्रभु मलाई पठाउनोस् तपाईको सेवामा २ह

तपाईको सुवासना सब ठाउँमा फैलाउनेछु
तपाईको मीठो वचन सबैलाई सुनाउनेछु
मेरो रहल जीवनले गाउनेछु सदा तपाईको प्रशँसा २ह
प्रभु मलाई पठाउनोस् तपाईको सेवामा २ह

मेरो सेलाएको ह्दयलाई एकपल्ट फेरी छुनुहोस्
स्वर्गीय आगो फेरी पठाउनुहोस्
पवित्र आत्मा ओर्ली आउनुहोस्
म यो मेरो जीवनलाई राख्छु तपाईको वेदीमा

येशू भन्छन् बालकहरुलाई मकहाँ आउन